विधेयक संख्याः

# चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

## उद्देश्य र कारण

विक्रम संवत् २०२६ सालमा बनेको चलचित्र ऐनलाई समयसापेक्ष परिमार्जन गरी समावेशी एवम् संघीय संरचना र नयाँ प्रविधिअनुरूप बनाउन नयाँ चलचित्र सम्बन्धी विधेयक तर्जुमा गर्नु पर्ने आवश्यकता महसुस भएको छ ।

चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गर्न, चलचित्र मार्फत देशलाई पर्यटन गन्तव्यको रुपमा अगाडि बढाउन, स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शन गर्नु अघि चलचित्र जाँच गर्ने व्यवस्था गर्न तथा स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्धन र नियमन गर्न आवश्यक भएकोले **"चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक"** पेश गरेको छु।

९ बैशाख, २०८२
काठमाडौं ।

(पृथ्वीसुब्बा गुरूङ)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौ

## आर्थिक टिप्पणी

प्रस्तुत विधेयकको उद्देश्य अनुरूप चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक  र मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गर्न तथा स्वदेशी चलचित्रको विकास,  विस्तार, प्रवर्धन र नियमन गर्न यस अघि नै गठन भई कार्यान्वयनमा रहेको चलचित्र विकास बोर्डलाई नै जिम्मेवारी दिइएको र बोर्डको आफ्नो छुट्टै कोष समेत हुने भएकोले नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने देखिँदैन।

(पृथ्वीसुब्बा गुरूङ)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौ

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# चलचित्र सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको अवधारणापत्र

**१. नयाँ ऐन बनाउनुपर्ने औचित्य एवं आवश्यकताः**

नेपालमा चलचित्रको निर्माण, प्रदर्शन तथा वितरणलाई व्यवस्थित गर्ने समेतको उद्देश्यले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ कार्यान्वयनमा रहेको छ। चलचित्र क्षेत्रलाई सिर्जनशील, साँस्कृतिक एवं मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गरी स्वदेशी चलचित्रको विकास, संरक्षण, संवर्द्धन तथा प्रर्वद्धन गरी चलचित्रको निर्माण, वितरण, प्रदर्शनलाई नियमित र व्यवस्थित गर्ने उद्देश्यले प्रचलित चलचित्र सम्बन्धी कानूनलाई समयसापेक्ष संशोधन र एकीकरण गर्न आवश्यक भएको छ । प्रस्तुत विधेयक तर्जुमा गर्नुपर्ने कारणहरु देहाय बमोजिम रहेका छन् :-

(क) **संवैधानिक कारणः** नेपालको संविधानको धारा ५१ मा भएको राज्यका नीतिहरु अन्तर्गत खण्ड (ग) मा सामाजिक र साँस्कृतिक रुपान्तरण सम्बन्धी नीतिको उपखण्ड (६) मा "देशको साँस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, सँस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने" उल्लेख भए अनुसार नयाँ ऐन बनाउन आवश्यक भएको।

(ख) **अन्तर्राष्ट्रिय दायित्वः** चलचित्र विकास बोर्ड एशियन फिल्म कमिशन नेटवर्कको सदस्य रहेको र विश्वका अन्य देशका फिल्म सम्बन्धी संस्थाहरूसँग समेत सम्बन्ध सुमधुर बनाउँदै लगेको अवस्थामा चलचित्र विकास बोर्डलाई अधिकार सम्पन्न बनाउनुको साँथै चलचित्र जाँच प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक रहेको।

(ग) **सर्वोच्च अदालतको फैसलाः** ×

(घ) **नेपाल सरकारको नीति तथा कार्यक्रमः** राष्ट्रिय आमसञ्चार नीति, २०७३ तथ राष्ट्रिय चलचित्र नीति, २०७१ जारी भई लागू भएको।उक्त नीतिहरूमा उल्लेख भए अनुसार चलचित्र क्षेत्रलाई सिर्जनशील, साँस्कृतिक एवं मनोरञ्जनात्मक उद्योगको रुपमा विकास, विस्तार र सम्बर्द्धन गर्न तथा चलचित्र क्षेत्रको प्रवर्द्धनका लागि विदेशी लगानी आकर्षित गर्न र नेपाललाई अन्तर्राष्ट्रिय आकर्षण र गन्तव्यको रुपमा विकास गरी टिकट बिक्री र त्यसबाट भएको आम्दानी, कर, प्रदर्शन अवधि र लोकप्रियता सम्बन्धी सूचनाको पारदर्शिताका निम्ति चलचित्र क्षेत्रमा बक्स अफिस प्रणाली लागू गर्दै चलचित्र क्षेत्रमा आएका परिवर्तन एवं प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात गरी चलचित्र विकास बोर्डलाई अधिकार सम्पन्न, सक्षम, नियमनकारी निकायको रुपमा रुपान्तरण गर्न तथा चलचित्र क्षेत्रको समग्र विकासका लागि समेत नयाँ कानून निर्माण गर्न आवश्यक रहेको ।

(ङ) **अन्य कुनै कारण** : चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १०क. बमोजिम २०५७ सालमा चलचित्र विकास बोर्डको गठन भई सोही ऐन तथा चलचित्र निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिमका सीमित अधिकारहरू नेपाल राजपत्रमा

प्रकाशन गरी बोर्डलाई प्रत्यायोजन गरी कार्य हुँदै आएको छ । यस विधेयकमा चलचित्र क्षेत्र तथा चलचित्र विकास बोर्ड सम्बन्धी कानूनी व्यवस्थालाई थप स्पष्ट पार्दै समग्र चलचित्र क्षेत्रको नियमन तथा व्यवस्थापन गर्न तथा नेपालको संविधान, राष्ट्रिय आमसञ्चार नीति, २०७३ तथा राष्ट्रिय चलचित्र नीति, २०७१ अनुकूल नयाँ विधेयकको मस्यौदा गर्न आवश्यक भएको।

२. **<u>नयाँ कानून बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिहरू:</u>** नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात निम्न उपलब्धिहरु हासिल हुनेछनः-

(क) चलचित्र विकास बोर्ड एक स्वायत्त र अधिकार सम्पन्न संस्था हुने,

(ख) चलचित्र निर्माण, वितरण र प्रदर्शनलाई थप व्यवस्थित गर्न सकिने,

(ग) चलचित्र सम्बन्धी नियमन गर्न सहज हुने,

(घ) चलचित्रमा जवाफदेहिता वृद्धि हुने,

(ङ) नेपाली चलचित्रलाई उद्योगको रुपमा विकास गर्न मद्दत पुग्ने,

(च) राष्ट्रिय चलचित्र क्षेत्रलाई सिर्जनशील, साँस्कृतिक र मनोरञ्जन उद्योगका रुपमा विकास, विस्तार र सम्बर्द्धन गर्न मद्दत पुग्ने,

(छ) चलचित्र वितरण र प्रदर्शनमा बक्स अफिस प्रणालीको प्रभावकारिता वृद्धि हुने,

(ज) श्रमजीवी चलचित्रकर्मीहरुको हकहित संरक्षण गर्न सहयोग पुग्ने,

(झ) मातृभाषाका बौद्धिक, कलात्मक, आदिवासी जनजाति चलचित्रको निर्माण, प्रदर्शन र यसको अन्तर्राष्ट्रियकरणमा सहयोग र यसको संरक्षण हुने,

(ञ) स्वदेशी चलचित्रको बजार विस्तार र अन्तर्राष्ट्रियकरण गर्न सहयोग पुग्ने,

(ट) चलचित्र क्षेत्रमा नयाँ प्रविधिको उपयोग हुने,

(ठ) चलचित्र विकास बोर्डको श्रोत वृद्धि एवं आयको दायरा फराकिलो हुने।

३. **<u>प्रस्तावित विषयमा मौजुदा कानून भए त्यसको नामः</u>**

(क) ऐनको नाम : चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६

(ख) नियमावलीको नाम : चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७

४. **<u>मौजुदा कानून संशोधन गरी सो उपलव्धि हासिल हुन नसक्ने भए सोको कारण</u>** : मौजुदा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा धेरै व्यवस्थाहरु संशोधन र थप गर्नुपर्ने तथा मुलुक संघीयतामा गईसकेको अवस्थामा संघीयताको मर्म अनुरूप नेपालको संविधान कार्यान्वयनका लागि नयाँ ऐनको मस्यौदा तर्जुमा गर्नुपर्ने भएको।

५. **<u>प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो:</u>** प्रस्तुत विषयमा राष्ट्रिय चलचित्र नीति,२०७१ स्वीकृत भई

लागू भएको र उक्त नीति तार्किक पद्धति **(Rational Method)** र मिश्रित पद्धति **(Mixed method)** बाट तर्जुमा गरिएको।

६. **नीति निर्माणमा संलग्न पदाधिकारीः** नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, चलचित्र विकास बोर्ड, नेपाल सरकारका विभिन्न पदाधिकारीहरू र अन्य सरोकारवालाहरू ।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनाएको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः** भारत, बंगलादेश, श्रीलंका लगायतका देशमा चलचित्र सम्बन्धी नियमन गर्ने कार्यको लागि छुट्टै निकाय रहेको।

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः** नेपालको संविधान, राष्ट्रिय चलचित्र नीति,२०७१, चलचित्र (निर्माण,प्रदर्शन तथा वितरण ऐन,२०२६ तथा विद्यमान ऐन, नियममा भएका व्यवस्थालाई मध्यनजर गरी चलचित्रको विकास तथा प्रवर्द्धनमा सहयोग पुग्ने गरी संघीय संरचना अनुकूल चलचित्र सम्बन्धी ऐनको मस्यौदा तयार गर्न चलचित्र विकास बोर्डमा एक समिति गठन भई अध्ययन गर्ने कार्य भएको।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः** हाल भैरहेको संरचनाले काम गर्ने हुँदा थप आर्थिक भार नपर्ने।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः** प्रदेशस्तरमा कार्यालय खोलिएको अवस्थामा थप संरचना आवश्यक पर्न सक्ने।

११. **प्रस्तावित कानून कार्यान्वयन गर्न कुनै निकायको परामर्श/सहमति लिनुपर्नेमा सो परामर्श सहमति प्राप्त भए वा नभएकोः** प्रस्तावित कानून कार्यान्वयन गर्न कुनै निकायको परामर्श, सहमति लिनु नपर्ने तर ऐनको मस्यौदा तयार गर्न नेपाल सरकारका मन्त्रालय र अन्य सरोकारवाला निकायहरुसँग राय परामर्श लिइएको।

१२. **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएको मुख्य विषयहरुः**

(क) चलचित्र विकास बोर्डको स्थापना र यसको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(ख) बोर्डमा रहने कर्मचारी तथा उनीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था,

(ग) चलचित्र निर्माण इजाजत, इजाजतपत्रको अवधि, नवीकरण र संशोधन, बिक्री र हस्ताणतरण,

(घ) चलचित्र घर निर्माण सम्बन्धी मापदण्ड तथा प्रदर्शन सम्बन्धी व्यवस्था,

(ङ) चलचित्र तथा चलचित्रजन्य वस्तुको पुनः उत्पादन र पुनः प्रयोग सम्बन्धी व्यवस्था,

(च) चलचित्रकर्मीहरुको लागि परिचयपत्र सम्बन्धी व्यवस्था,

(छ) चलचित्र वितरण र प्रदर्शनमा बक्स अफिस प्रणाली सम्बन्धी व्यवस्था,

(ज) नेपालमा विदेशी चलचित्र तथा वृत्तचित्रको छायाङ्कन स्वीकृति,

(झ) चलचित्र तथा चलचित्रजन्य सामग्रीको डिजिटल प्लेटफर्म मार्फत प्रचारप्रसार गर्न डिजिटल हबको व्यवस्था,

(ञ) संघीय संरचना अनुसार चलचित्र सम्बन्धी कामको बाँडफाँड,

(ट) कल्याणकारी कार्यक्रम सञ्चालन,

(ठ) चलचित्र परियोजना बीमा गर्नु पर्ने,

(ड) चलचित्र प्रशिक्षण केन्द्र सम्बन्धी व्यवस्था,

(ढ) कोष, लेखा तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था,

(ण) अन्य विविध विषय ।

## प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा रहेको प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छः-

| क्र.सं | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्योजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ६ को उपदफा (१) को खण्ड (ण) | बोर्डको काम, कर्तव्य र अधिकार तोक्न आवश्यक भएको। | बोर्डको काम, कर्तव्य र अधिकार सम्बन्धी थप व्यवस्था नियमावलीमा गर्ने। | बोर्डको काम, कर्तव्य र अधिकार स्पष्ट भएको हुने। |
| २. | दफा १५ को उपदफा (३) | बोर्डमा रहने कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त विनियममा उल्लेख गर्न आवश्यक भएको। | कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था विनियमावलीमा गर्ने। | कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त एकिन हुने। |
| ३. | दफा १६ को उपदफा (३) | चलचित्रको निर्माण, वितरण वा प्रदर्शन गर्न इजाजतपत्र प्राप्त व्यक्तिको योग्यता र पालना गर्नुपर्ने शर्त, इजाजतपत्रको ढाँचा तथा दस्तुर, चलचित्र निर्माण, वितरण, प्रदर्शन तथा विदेशी चलचित्र वितरण वा प्रदर्शन सम्बन्धी अन्य व्यवस्था गर्न आवश्यक भएको। | इजाजतपत्र प्राप्त व्यक्तिको योग्यता र पालना गर्नुपर्ने शर्त, इजाजतपत्रको ढाँचा तथा दस्तुर, चलचित्र निर्माण, वितरण, प्रदर्शन तथा विदेशी चलचित्र वितरण वा प्रदर्शन सम्बन्धी व्यवस्था नियमावलीमा गर्ने। | इजाजतपत्र प्राप्त व्यक्तिको योग्यता, सर्त, ढाँचा र दस्तुर तोकिने हुँदा सो सम्बन्धी द्विविधा नरहने। |
| ४. | दफा १७ को उपदफा (३) | चलचित्र प्रदर्शन गर्दा लाग्ने इजाजतपत्र दस्तुर, रोयल्टी, शुल्क तथा अन्य दस्तुर सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको । | दस्तुर, रोयल्टी, शुल्क तथा अन्य दस्तुर निर्धारण हुने । | रोयल्टी, शुल्क तथा अन्य दस्तुर तोकिने हुँदा सो सम्बन्धी द्विविधा नरहने। |
| ५. | दफा १८ को उपदफा (२) | चलचित्र तथा चलचित्रजन्य सामग्रीको डिजिटल प्लेटफर्म मार्फत प्रचारप्रसार गर्न डिजिटल हब सम्बन्धी अन्य व्यवस्था गर्न आवश्यक भएको। | डिजिटल हब सम्बन्धी अन्य व्यवस्था नियमावलीमा गर्ने। | डिजिटल हब सम्बन्धी अन्य कार्य प्रक्रिया स्पष्ट भएको हुने। |
| ६. | दफा १९ को उपदफा (६) | इजाजतपत्रको नवीकरण र नवीकरण दस्तुर सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक | नवीकरण दस्तुर नियमावलीले तोक्ने। | नवीकरण दस्तुर तोकिने हुँदा सो सम्बन्धी द्विविधा नरहने। |

| | | | | |
|---|---|---|---|---|
| | | भएको। | | |
| ७. | दफा २० को उपदफा (४) | इजाजतपत्रको बिक्री वा हक हस्तान्तरण गर्न स्वीकृतिको लागि दस्तुर तोक्न आवश्यक भएको। | इजाजतपत्रको बिक्री वा हक हस्तान्तरणको लागि दस्तुर निर्धारण गर्न आवश्यक भएको। | दस्तुर तोकिने हुँदा सो सम्बन्धी द्विविधा नरहने। |
| ८. | दफा २१ को उपदफा (२) | चलचित्र तथा चलचित्रजन्य सामग्रीको पुनःउत्पादनको लागि इजाजतपत्रको अवधि, नवीकरण, बिक्री वा हस्तान्तरण र इजाजतपत्र दस्तुर सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको। | चलचित्र तथा चलचित्रजन्य सामग्रीको पुनःउत्पादनको लागि इजाजतपत्रको अवधि, नवीकरण, बिक्री वा हस्तान्तरण र इजाजतपत्र दस्तुर नियमावलीले तोक्ने। | चलचित्र तथा चलचित्रजन्य सामग्रीको पुनःउत्पादनको लागि इजाजतपत्रको अवधि नवीकरण, बिक्री वा हस्तान्तरण र इजाजतपत्र दस्तुर तोकिने हुँदा सो सम्बन्धी द्विविधा नरहने। |
| ९. | दफा २४ को उपदफा (२) | चलचित्रको पुनः प्रयोग सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको। | चलचित्रको पुनः प्रयोग सम्बन्धी अन्य व्यवस्था नियमावलीले तोक्ने। | चलचित्रको पुनः प्रयोग सम्बन्धी अन्य व्यवस्था गरिने। |
| १०. | दफा २५ को उपदफा (७) | विदेशी चलचित्रको छायाङ्कन स्वीकृतिको लागि दिनुपर्ने निवेदनको ढाँचा, पालना गर्नु पर्ने शर्त, तिर्नुपर्ने दस्तुर लगायत अन्य व्यवस्था तोक्न आवश्यक रहेको। | निवेदनको ढाँचा, पालना गर्नु पर्ने शर्त, तिर्नुपर्ने दस्तुर नियमावलीले तोक्ने। | निवेदनको ढाँचा, पालना गर्नु पर्ने शर्त, तिर्नुपर्ने दस्तुर निर्धारण भई कार्य सहजीकरण हुने। |
| ११. | दफा २६ को उपदफा (२) | सम्पर्क अधिकृतको काम, कर्तव्य, अधिकार तथा सेवा सुविधा तोक्न आवश्यक भएको। | सम्पर्क अधिकृतको काम, कर्तव्य, अधिकार तथा सेवा सुविधा सम्बन्धी व्यवस्था नियमावलीमा गर्ने। | सम्पर्क अधिकृतको काम, कर्तव्य, अधिकार तथा सेवा सुविधा सम्बन्धी व्यवस्था भई कार्य सहजीकरण हुने। |
| १२. | दफा २७ को उपदफा (२) | चलचित्र जाँच गराउनको लागि जाँच समिति समक्ष दिने निवेदनको ढाँचा तोक्न आवश्यक रहेको। | चलचित्र जाँच गराउनको लागि जाँच समिति समक्ष दिने निवेदनको ढाँचा निर्धारण हुने। | चलचित्र जाँच गराउनको लागि जाँच समिति समक्ष दिने निवेदनको ढाँचा निर्धारण भई कार्य सहजीकरण हुने। |
| १३. | दफा २७ को उपदफा (३) | सिफारिस दस्तुर र चलचित्र जाँच गर्दा लाग्ने दस्तुर तोक्न आवश्यक भएको। | सिफारिस दस्तुर र चलचित्र जाँच गर्दा लाग्ने दस्तुर निर्धारण हुने। | सिफारिस दस्तुर र चलचित्र जाँच गर्दा लाग्ने दस्तुर निर्धारण भई कार्य सहजीकरण हुने। |
| १४. | दफा २८ को | चलचित्र जाँच समितिका अध्यक्ष, | चलचित्र जाँच समितिका अध्यक्ष, | चलचित्र जाँच गरे बापत |

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (७) | सदस्य तथा समितिमा आमन्त्रित सदस्यले चलचित्र जाँच गरे बापत प्राप्त गर्ने सुविधा तथा भत्ता तोक्न आवश्यक भएको। | सदस्य तथा समितिमा आमन्त्रित सदस्यले चलचित्र जाँच गरे बापत प्राप्त गर्ने सुविधा तथा भत्ता सम्बन्धमा नियमावलीले व्यवस्था गर्ने। | प्राप्त गर्ने सुविधा तथा भत्ता निर्धारण भई कार्य सहजीकरण हुने। |
| १५. | दफा ३० को उपदफा (९) | जाँच समितिको काम,कर्तव्य र अधिकार तोक्न आवश्यक भएको। | जाँच समितिको अन्य काम,कर्तव्य र अधिकार सम्बन्धमा नियमावलीमा व्यवस्था गर्ने। | काम, कर्तव्य र अधिकार स्पष्ट भएको हुने। |
| १६. | दफा ३२ को उपदफा (४) | स्वदेशी चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको। | स्वदेशी चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा गर्ने। | स्वदेशी चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने। |
| १७. | दफा ३३ को उपदफा (२) | घुम्ती तथा खुला चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको। | घुम्ती तथा खुला चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा गर्ने। | घुम्ती तथा खुला चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने। |
| १८. | दफा ३७ को उपदफा (२) | चलचित्र इनकोडिङ सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको। | चलचित्र इनकोडिङ सम्बन्धी अन्य व्यवस्था नियमावलीमा गर्ने। | चलचित्र इनकोडिङ सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने। |
| १९. | दफा ४१ को उपदफा (७) | बोर्डको कोष र कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको। | बोर्डको कोष र कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा गर्ने। | बोर्डको कोष र कोष सञ्चालन सम्बन्धी व्यवस्था स्पष्ट हुने। |
| २०. | दफा ४५ को उपदफा (४) | चलचित्र प्रशिक्षण केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको। | चलचित्र प्रशिक्षण केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा गर्ने। | चलचित्र प्रशिक्षण केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने। |
| २१. | दफा ४७ को उपदफा (२) | चलचित्र परियोजना बीमा कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोक्न आवश्यक भएको। | चलचित्र परियोजना बीमा कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा गर्ने। | चलचित्र परियोजना बीमा कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था स्पष्ट हुने। |
| २२. | दफा ५१ | यो ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गर्न आवश्यक भएको। | नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने नियम बनाउने। | नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने नियम बनाएको हुने। |

# चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको

## व्याख्यात्मक टिप्पणी

| क्र.स. | दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | २ | परिभाषा | यस दफामा ऐनमा पटक पटक प्रयोग भएका शब्दहरूलाई परिभाषित गरिएको छ। |
| २. | ३ | बोर्डको स्थापना | यस दफामा चलचित्र क्षेत्रको विकास, विस्तार, प्रर्वद्धन र नियमन गर्नको लागि नेपाल चलचित्र विकास बोर्डको स्थापना गरिने र बोर्डको कार्यालय काठमाडौं उपत्यकामा रहने व्यवस्था गरिएको छ। |
| ३. | ४ | बोर्ड स्वशासित र सङ्गठित संस्था हुने | यस दफामा बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्ने र बोर्डले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्ने व्यवस्था गरिएको छ। |
| ४. | ५ | बोर्डको गठन | ➢ यस दफामा बोर्डमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने व्यवस्था गरिएको छ।<br>(क) नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष<br>(ख) लेखन, छायाङ्कन, सम्पादन, निर्देशन, निर्माण, कलाकारिता लगायत चलचित्र क्षेत्रमा निरन्तर दश वर्ष संलग्न रही उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई जना महिला सहित पाँच जना -सदस्य<br>(ग) प्रतिनिधि (कम्तीमा रा.प. द्वितीय श्रेणी), मन्त्रालय -सदस्य-सचिव<br>➢ यस दफामा सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्ने र मनोनयन हुने सदस्यको पदावधि चार वर्षको हुने व्यवस्था गरिएको छ।<br>➢ यस दफामा देहायको अवस्था भएमा अध्यक्षलाई नेपाल सरकारले र सदस्यलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्ने व्यवस्था गरिएको छः-<br>(क) कार्यक्षमताको अभाव भएमा,<br>(ख) खराब आचरण भएमा,<br>(ग) कार्यसम्पादन सम्झौता बमोजिमको लक्ष्य हासिल नगरेमा,<br>(घ) शारीरिक वा मानसिक अवस्थाका कारण कामकारबाही गर्न असमर्थ भएमा,<br>(ङ) पदीय हैसियत दुरुपयोग गरी लाभ हासिल गरेमा, वा<br>(च) दफा ८ बमोजिमको योग्यता नभएमा । |
| ५. | ६ | बोर्डको काम, कर्तव्य र अधिकार | ➢ यस दफामा बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छः-<br>(क) बोर्डको दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,<br>(ख) नेपालको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र सामाजिक मूल्य मान्यतामा आधारित कलात्मक, सिर्जनात्मक र मौलिक पहिचान भएका चलचित्र निर्माण गर्न प्रोत्साहन |

| | | | |
|---|---|---|---|
| | | | तथा सहयोग गर्ने,<br>(ग) नेपाली कला तथा संस्कृतिको प्रवर्धनमा समर्पित चलचित्रकर्मीको हकहितको संरक्षण गर्ने,<br>(घ) चलचित्र क्षेत्रका लेखक, निर्देशक, प्राविधिक, कलाकार लगायत दक्ष जनशक्तिको उत्पादनलाई प्रोत्साहन गर्ने,<br>(ङ) चलचित्र क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महोत्सव, सभा, सम्मेलन, अन्तर्क्रिया, कार्यशाला, गोष्ठी लगायत अन्य रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने,<br>(च) राष्ट्रियस्तरमा गैर नाफामूलक चलचित्रको प्रदर्शनलाई प्रोत्साहित गर्ने, गराउने,<br>(छ) नेपाल सरकारको स्वीकृति लिई चलचित्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सदस्यता लिने र ती सङ्घ संस्थासँग सहकार्य गर्ने,<br>(ज) विभिन्न जातजाति, वर्ग, समुदाय तथा अन्य मातृभाषी चलचित्रको विकास, संरक्षण र प्रवर्धन गर्ने, गराउने,<br>(झ) चलचित्र क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई पुरस्कृत तथा सम्मान गर्ने,<br>(ञ) चलचित्र पर्यटन मार्फत नेपालको पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाउने,<br>(ट) चलचित्रसँग सम्बन्धित भौतिक पूर्वाधार निर्माणको कार्य गर्ने, गराउने,<br>(ठ) चलचित्रको विकास, प्रवर्धन तथा बजारीकरणका लागि आवश्यक नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,<br>(ड) चलचित्र र चलचित्र व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन चलचित्रकर्मी तथा चलचित्र व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने, गराउने,<br>(ढ) चलचित्रकर्मीलाई परिचयपत्र प्रदान गर्ने, र<br>(ण) तोकिए बमोजिमका अन्य काम गर्ने ।<br>➢ यस दफामा बोर्डले दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्नु भन्दा पहिले मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था गरिएको छ। |
| ६. | ७ | बोर्डको बैठक र निर्णय | ➢ यस दफामा बोर्डको बैठक कम्तीमा महिनाको एकपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने, बोर्डका एक तिहाई सदस्यले बोर्डको बैठक बोलाउन लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले सात दिनभित्र अध्यक्षले बैठक बोलाउनु पर्ने, सदस्य-सचिवले बोर्डको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयको सूची बैठक शुरु हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ।<br>➢ यस दफामा अध्यक्ष निलम्बनमा रहेको वा अन्य कुनै कारणले पद रिक्त रहेको र दफा १३ बमोजिम कार्यवाहक अध्यक्ष नतोकिएको अवस्थामा बैठक बस्नु पर्ने भएमा उपस्थित सदस्यमध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| | | | ➢ यस दफामा बोर्डको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बोर्डको सञ्चालक समितिको बैठकका लागि गणपुरक सङ्ख्या पुगेको मानिने, बैठकमा बहुमतको राय मान्य हुने व्यवस्था गरिएको छ।<br>➢ यस दफामा मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने,बोर्डले आवश्यकता अनुसार चलचित्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ वा सम्बन्धित मन्त्रालय, निकाय वा बोर्डका कर्मचारीलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्ने र बोर्डको सञ्चालक समितिको निर्णय बैठकमा उपस्थित सबै सदस्यबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था गरिएको छ। |
| ७. | ८ | अध्यक्ष तथा सदस्यको योग्यता | यस दफामा अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्ने व्यवस्था गरिएको छः-<br>(क) नेपाली नागरिक,<br>(ख) उच्च नैतिक चरित्र भएको,<br>(ग) अध्यक्षको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र नेपाली चलचित्र क्षेत्रको विकास, संरक्षण वा प्रवर्धनमा निरन्तर रूपमा कम्तीमा पन्ध्र वर्ष कार्य गरेको,<br>(घ) सदस्यको हकमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको,<br>(ङ) पैंतिस वर्ष उमेर पूरा भएको, र<br>(च) दफा ९ बमोजिम अयोग्य नभएको । |
| ८. | ९ | अध्यक्ष तथा सदस्यको अयोग्यता | यस दफामा देहायको कुनै व्यक्ति अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन वा पदमा बहाल रहन योग्य हुने छैनः-<br>(क) दफा ८ बमोजिमको योग्यता नभएको वा नरहेको,<br>(ख) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य रहेको,<br>(ग) पैंसट्ठी वर्ष उमेर पूरा भएको,<br>(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, लैङ्गिक हिंसा वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,<br>(ङ) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको, वा<br>स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमतिपत्र" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकि वा नतोकि सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), पर्मानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शव्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिपत्रलाई समेत जनाउँछ ।<br>(च) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन योग्य नभएको। |
| ९. | १० | अध्यक्ष तथा | यस दफामा देहायको अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त हुने व्यवस्था गरिएको |

| | | | |
|---|---|---|---|
| | | सदस्यको पद रिक्त हुने | छः-<br>(क) राजीनामा दिएमा,<br>(ख) दफा ५ को उपदफा (३) बमोजिम निजको पदावधि पूरा भएमा वा उपदफा (४) बमोजिम हटाइएमा,<br>(ग) दफा ९ बमोजिम अयोग्य भएमा, वा<br>(घ) मृत्यु भएमा । |
| १०. | ११ | अध्यक्षको काम, कर्तव्य र अधिकार | ➢ यस दफामा अध्यक्ष बोर्डको पूरा समय काम गर्ने पदाधिकारी हुने र अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छः-<br>(क) योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने,<br>(ख) बोर्डको स्वीकृत वार्षिक कार्यक्रम र निर्णय कार्यान्वयन गर्ने, गराउने,<br>(ग) बोर्डको आर्थिक प्रशासन सञ्चालन गर्ने, गराउने,<br>(घ) बोर्डको सम्पत्तिको संरक्षण, प्रवर्धन र व्यवस्थापन गर्ने, गराउने,<br>(ङ) चलचित्रकर्मी र चलचित्र व्यवसायी वा चलचित्र क्षेत्रमा काम गर्ने विभिन्न सङ्घ संस्था वा निकाय बीचमा समन्वय कायम गर्ने,<br>(च) बोर्डको उद्देश्यप्राप्तिमा उत्तरदायी भई कार्य गर्ने, गराउने, र<br>(छ) बोर्डले तोकेको अन्य काम गर्ने ।<br>➢ यस दफामा अध्यक्षले मन्त्रालयबाट प्राप्त नीतिगत निर्देशन तथा मन्त्रालयसँग भएको कार्यसम्पादन सम्झौतामा उल्लिखित सर्तको पालना गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ११. | १२ | सदस्यको काम, कर्तव्य र अधिकार | ➢ यस दफामा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छः-<br>(क) बोर्डको योजना तथा कार्यक्रम तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने,<br>(ख) बोर्डले दिएको जिम्मेवारी र निर्देशन पालना गर्ने, गराउने,<br>(ग) बोर्डको उद्देश्यप्राप्तिको लागि उत्तरदायी भई कार्य गर्ने, गराउने, र<br>(घ) बोर्डले तोके बमोजिमका अन्य काम गर्ने । |
| १२. | १३ | कार्यवाहक अध्यक्ष तोक्न सक्ने | यस दफामा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वा अध्यक्ष निलम्बनमा परेमा त्यस्तो अवधिभरका लागि मन्त्रालयले दफा ५ को उपदफा (१) को खण्ड (ख) बमोजिमका बोर्डको कुनै सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्न सक्ने र तोकिएको कार्यवाहक अध्यक्षले यस ऐन बमोजिम अध्यक्षलाई प्राप्त अधिकार प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ। |
| १३. | १४ | अध्यक्ष तथा सदस्यको सेवा, सर्त तथा सुविधा सम्बन्धी व्यवस्था | यस दफामा अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुने र सदस्यले बैठकमा उपस्थित भए वापत प्राप्त गर्ने भत्ता तथा सुविधा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमतिमा बोर्डले तोके बमोजिम हुने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| १४. | १५ | कर्मचारी सम्बन्धी व्यवस्थाः | यस दफामा बोर्डमा आवश्यक सङ्ख्यामा कर्मचारी रहने, कर्मचारीको दरबन्दी मन्त्रालयको सहमतिमा बोर्डले निर्धारण गरे बमोजिम हुने र कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका सर्त विनियममा उल्लेख भए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १५. | १६ | चलचित्र निर्माण, वितरण तथा प्रदर्शन गर्न इजाजतपत्र लिनुपर्ने | यस दफामा कुनै व्यक्ति वा संस्थाले चलचित्रको निर्माण, वितरण वा प्रदर्शन गर्न बोर्डबाट इजाजतपत्र लिनु पर्ने, इजाजतपत्र लिन चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनुपर्ने र इजाजतपत्र प्राप्त व्यक्तिको योग्यता र पालना गर्नुपर्ने सर्त, इजाजतपत्रको ढाँचा तथा दस्तुर, चलचित्र निर्माण, वितरण, प्रदर्शन तथा विदेशी चलचित्र वितरण वा प्रदर्शन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १६. | १७ | डिजिटल प्लेटफर्म मार्फत चलचित्र प्रदर्शन गर्न इजाजतपत्र लिनुपर्ने | यस दफामा डिजिटल प्लेटफर्म मार्फत चलचित्र वा चलचित्रजन्य सामग्रीको प्रदर्शन गर्न चाहेमा त्यस्तो प्लेटफर्म, व्यक्ति वा निकायले बोर्डबाट इजाजतपत्र लिनु पर्ने, इजाजतपत्र लिन चाहने प्लेटफर्म, व्यक्ति वा निकायले तोकिए बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्ने र चलचित्र प्रदर्शन गर्दा लाग्ने इजाजतपत्र दस्तुर, रोयल्टी शुल्क तथा अन्य दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १७. | १८ | डिजिटल हब सम्बन्धी व्यवस्था | यस दफामा बोर्डले चलचित्र तथा चलचित्रजन्य सामग्रीको डिजिटल प्लेटफर्म मार्फत प्रचारप्रसार गर्न डिजिटल हबको व्यवस्था गर्न सक्ने र डिजिटल हब सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| १८. | १९ | इजाजतपत्रको अवधि, नवीकरण र संशोधन | ➢ यस दफामा दफा १६ को उपदफा (१) बमोजिमको चलचित्र निर्माण गर्न दिईने इजाजतपत्रको अवधि चार वर्षको हुने र सो अवधिभित्र कुनै कारणले चलचित्र निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको आधार र कारण खुलाई बोर्ड समक्ष अवधि थपको लागि निवेदन दिन सकिनेछ र बोर्डले त्यस्तो इजाजतपत्रको अवधि एक वर्षसम्म थप गर्न सक्ने व्यवस्था गरिएको छ ।<br>➢ यस दफामा चलचित्र वितरण र प्रदर्शन गर्न दिईने इजाजतपत्रको अवधि पाँच वर्षको हुने, इजाजतपत्र नवीकरण गर्न चाहेमा त्यस्तो इजाजतपत्रवालाले प्रतिलिपि अधिकार सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको अवधि भन्दा बढी नहुने गरी प्रत्येक पाँच वर्षमा नवीकरण गर्न सक्ने व्यवस्था गरिएको छ।<br>➢ यस दफामा इजाजतपत्रको नवीकरणका लागि निवेदन दिंदा इजाजतपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै दिनु पर्ने र इजाजतपत्रको नवीकरण र नवीकरण दस्तुर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| १९. | २० | इजाजतपत्रको बिक्री वा हस्तान्तरणः | ➢ यस दफामा यस ऐन बमोजिम प्राप्त इजाजतपत्र कसैलाई बिक्री वा हक हस्तान्तरण गर्न चाहेमा त्यस्तो इजाजतपत्र प्राप्त व्यक्ति र इजाजतपत्र खरिद गर्न वा हक हस्तान्तरण गरी लिन चाहने व्यक्तिले स्वीकृतिको लागि बोर्ड समक्ष तोकिए बमोजिमको ढाँचामा संयुक्त निवेदन दिनु पर्ने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| | | | ➢ यस दफामा निवेदन दिँदा बिक्री वा हक हस्तान्तरण गर्नु पर्नाको कारण र निजहरुको बीचमा इजाजतपत्रको हक हस्तान्तरणको सम्बन्धमा भएको सर्त बन्देज समेत उल्लेख गर्नु पर्ने र कुनै निवेदन प्राप्त हुन आएमा खरिद गर्ने वा हक हस्तान्तरण गरी लिने व्यक्तिको प्राविधिक, आर्थिक र अन्य योग्यताको सम्बन्ध बोर्डले तोकेको मापदण्डको आधारमा छानबिन गरी तोकिएको ढाँचामा स्वीकृति दिन सक्ने व्यवस्था गरिएको छ। |
| २०. | २१ | पुनःउत्पादनको लागि इजाजतपत्र लिनु पर्ने | यस दफामा चलचित्र तथा चलचित्रजन्य सामग्रीको पुनःउत्पादन तथा सोको बिक्री वितरण गर्दा बोर्डबाट इजाजतपत्र लिनु पर्ने र इजाजतपत्रको अवधि, नवीकरण, बिक्री वा हस्तान्तरण र इजाजतपत्र दस्तुर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २१. | २२ | इजाजतपत्र खारेज गर्न सकिने | यस दफामा यस ऐन बमोजिम प्रदान गरिएको इजाजतपत्र देहायको अवस्थामा बोर्डले खारेज गर्न सक्ने व्यवस्था गरिएको छः-<br>(क) इजाजतपत्र प्राप्त व्यक्तिले खारेज गर्नु पर्नाको उचित कारण सहित निवेदन दिएमा,<br>(ख) दफा ४३ बमोजिमको जरिबाना तीन वा सोभन्दा बढी पटक भएमा,<br>(ग) इजाजतपत्र प्राप्त व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम दामासाहीमा परेमा वा विघटन भएमा, वा<br>(ग) दफा २३ बमोजिम बोर्डले दिएको आदेशको पालना नगरेमा। |
| २२. | २३ | बोर्डले आदेश दिन सक्ने | यस दफामा इजाजतपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पूरा गर्नु पर्ने दायित्व पूरा नगरेमा वा इजाजतपत्रमा उल्लिखित सर्त विपरीत कुनै काम गरेमा बोर्डले त्यस्तो दायित्व पूरा गर्न वा सर्त पालन गर्न निश्चित अवधि तोकी त्यस्तो इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई उपयुक्त आदेश दिन सक्ने व्यवस्था गरिएको छ। |
| २३. | २४ | चलचित्रको पुनः प्रयोग सम्बन्धी व्यवस्था | यस दफामा बोर्डको स्वामित्वमा रहेका र ऐतिहासिक तथा सांस्कृतिक रुपमा महत्वपूर्ण देखिएका चलचित्रका पुराना रिललाई बोर्डले आधुनिकीकरण गरी पुनः प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ। |
| २४. | २५ | विदेशी चलचित्रको छायाङ्कन गर्न स्वीकृति लिनु पर्ने | यस दफामा कुनै विदेशी व्यक्ति वा संस्थाले नेपालमा विदेशी चलचित्र तथा वृत्तचित्रको छायाङ्कन गर्न चाहेमा त्यस्तो छायाङ्कनको लागि मन्त्रालयबाट स्वीकृति लिनु पर्ने र स्वीकृतिको लागि दिनुपर्ने निवेदनको ढाँचा, पालना गर्नु पर्ने सर्त, तिर्नुपर्ने दस्तुर लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २५. | २६ | सम्पर्क अधिकृत सम्बन्धी व्यवस्था | यस दफामा नेपालमा विदेशी चलचित्र तथा वृत्तचित्रको छायाङ्कनका लागि मन्त्रालयले आवश्यकता अनुसार बोर्डका पदाधिकारी वा मन्त्रालयका कर्मचारी वा चलचित्रसँग सम्बन्धित संस्थाका प्रतिनिधिलाई सम्पर्क अधिकृतको रूपमा खटाउन सक्ने व्यवस्था गरिएको छ। |
| २६. | २७ | चलचित्र जाँच | ➢ यस दफामा चलचित्र निर्माण, वितरण वा प्रदर्शनको इजाजतपत्र प्राप्त कुनै व्यक्तिले |

| | | | |
|---|---|---|---|
| | | गराउनु पर्ने | नेपालभित्र सार्वजनिक रुपमा चलचित्र प्रदर्शन गर्नु अगावै जाँच समितिबाट चलचित्रको जाँच गराउनु पर्ने र चलचित्र जाँच गराउनको लागि जाँच समिति समक्ष देहाय बमोजिमका कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्ने व्यवस्था गरिएकोछः-<br>(क) बोर्डको सिफारिस पत्र,<br>(ख) स्पष्ट र बुझिने कथावस्तु लेखन (स्क्रिप्ट), विदेशी चलचित्रको हकमा नेपाली वा अङ्ग्रेजीमध्ये कुनै एक भाषामा अनुवाद गरिएको कथा संवाद सहितको स्क्रिप्ट/पटकथा,<br>(ग) चलचित्रको पोष्टर वा शो कार्ड,<br>(घ) स्वदेशी चलचित्रको हकमा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्र, कम्पनी अद्यावधिक पत्र, कम्पनी वा संस्थाको पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र, चलचित्र निर्माण इजाजतपत्रको प्रतिलिपि, निर्माताबाट प्राप्त गरेको आधिकारिक पत्रको प्रतिलिपि र एकथान डिजिटल कपी, र<br>(ङ) विदेशी चलचित्रको हकमा चलचित्र वितरण इजाजतपत्रको प्रतिलिपि, भन्सार दस्तुर बुझाएको प्रमाणित कागजात र सम्बन्धित मुलुकको अधिकार प्राप्त निकाय वा अधिकारीले चलचित्र जाँच गरी जारी गरेको प्रमाणपत्रको प्रतिलिपि।<br>➢ यस दफामा बोर्डले उपलव्ध गराउने सिफारिस दस्तुर र चलचित्र जाँच गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ। त्यसैगरी कसैले प्लेटफर्ममा व्यक्तिगत वा सामूहिक रुपमा छद्मभेषी, स्थायी वा अस्थायी समूह, पेज वा अन्य कुनै पनि प्रकारको आइडी खोली नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामा खलल पुग्ने वा राष्ट्रिय हित प्रतिकूल हुने गरी गलत वा भ्रामक सूचना सम्प्रेषण गरी कसूर गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेमा सोही बमोजिम र प्रचलित कानूनमा सजाय उल्लेख भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। |
| २७. | २८ | चलचित्र जाँच समितिको गठन | यस दफामा स्वदेशी वा विदेशी चलचित्र प्रदर्शन गर्नु अघि त्यस्तो चलचित्र प्रदर्शन गर्न अनुमति दिन उपयुक्त भए, नभएको सम्बन्धमा जाँच गर्नको लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको एक जाँच समिति रहने व्यवस्था गरिएको छः-<br>(क) मन्त्रालयले तोकेको सहसचिव -अध्यक्ष<br>(ख) प्रतिनिधि (रा.प. द्वितीय श्रेणी), नेपाल सरकारको गृह मन्त्रालय -सदस्य<br>(ग) प्रतिनिधि (रा.प. द्धितीय श्रेणी), नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य<br>(घ) कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र नेपाली चलचित्र क्षेत्रमा कम्तीमा दश वर्ष कार्य गरी विशेष ज्ञान तथा अनुभव प्राप्त व्यक्तिमध्येबाट समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनयन |

| | | | |
|---|---|---|---|
| | | | गरेको कम्तीमा एक जना महिला सहित दुईजना -सदस्य<br>(ङ) बोर्डको प्रतिनिधि -सदस्य<br>(च) प्रतिनिधि (रा.प. द्वितीय श्रेणी), मन्त्रालय -सदस्य-सचिव |
| २८. | २९ | टेली चलचित्रको जाँच गराउन सक्ने | यस दफामा जाँच समितिले सर्त तथा मापदण्ड तोकी टेली चलचित्र प्रदर्शन गर्ने सम्बन्धित टेलिभिजन प्रसारण संस्थाबाट टेली चलचित्रको जाँच गराउन सक्ने व्यवस्था गरिएको छ। |
| २९. | ३० | जाँच समितिको काम, कर्तव्य र अधिकार | ➢ यस दफामा जाँच समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छः-<br>(क) समाजमा वर्गीय, क्षेत्रीय, प्रादेशिक, धार्मिक, भाषिक, सांस्कृतिक, जातीय वा लैङ्गिक आधारमा भेदभाव गर्ने वा हिंसा फैलाउने वा अवहेलना वा दुर्व्यवहार जनाउने दृश्य नभएको पाइएमा चलचित्रको कथा, संवाद र दृश्यका आधारमा चलचित्र काँटछाँट नगरी तोकिएको मापदण्ड अनुरूप कुनै सर्त नतोकी सो चलचित्र सार्वजनिक प्रदर्शन गर्न अनुमति दिने,<br>(ख) चलचित्रमा कुनै काँटछाँट वा हेरफेर गरी वा अन्य कुनै सर्त बन्देजको पालना गरी मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने, वा<br>(ग) तोकिए बमोजिमका मापदण्डका आधारमा निश्चित उमेर समूहका व्यक्तिलाई मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने सर्त तोकी अनुमति दिने ।<br>➢ यस दफामा मन्त्रालयले अनुगमन गर्दा तोकिएका सर्त पालना नगरेको पाइएमा सो चलचित्रको प्रदर्शन तुरुन्त बन्द गराउनु पर्ने र जाँच समितिले गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले स्पष्टीकरण सहित निर्णय पुनरावलोकनका लागि सो निर्णय भएको मितिले पैंतिस दिनभित्र मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ र मन्त्रालयले गरेको निर्णय अन्तिम हुने व्यवस्था गरिएको छ । |
| ३०. | ३१ | चलचित्र प्रदर्शनमा रोक लगाउन सक्ने | यस दफामा नेपाल सरकारले चलचित्रको प्रदर्शनबाट सुरक्षा र व्यवस्थामा प्रतिकूल असर पर्ने, सार्वजनिक शान्ति भङ्ग हुने, समाजमा वर्गीय, क्षेत्रीय, प्रादेशिक, धार्मिक, भाषिक, सांस्कृतिक, जातीय आधारमा भेदभावको सिर्जना हुने वा लैङ्गिक हिंसा वा दुर्व्यवहारलाई बढवा दिन सक्ने देखिएमा त्यस्तो चलचित्र प्रदर्शनमा रोक लगाउन आदेश दिन सक्ने व्यवस्था गरिएको छ। |
| ३१. | ३२ | स्वदेशी चलचित्र प्रदर्शनलाई प्राथमिकता दिनु पर्ने | यस दफामा प्रत्येक चलचित्र घरले चलचित्र प्रदर्शन गर्दा स्वदेशी चलचित्र प्रदर्शनलाई प्राथमिकता दिनु पर्ने, प्रथमिकता दिँदा चलचित्र घरले तोकिए बमोजिमको दिन स्वदेशी चलचित्र मात्र प्रदर्शन गर्नु पर्ने र स्वदेशी चलचित्र मात्र प्रदर्शन गर्ने इजाजतपत्र लिई नयाँ निर्माण हुने तथा सञ्चालनमा रहेका चलचित्र घरलाई बोर्ड आफैंले वा बोर्डको सिफारिसमा नेपाल सरकार वा प्रदेश सरकारले आर्थिक वा प्राविधिक सहयोग वा विशेष सहुलियत दिन सक्ने व्यवस्था गरिएको छ। |
| ३२. | ३३ | घुम्ती तथा खुला चलचित्र | यस दफामा चलचित्र घर नभएको क्षेत्रमा बसोबास गर्ने समुदायसँग सम्बन्धित मातृभाषी चलचित्र तथा अन्य स्वदेशी चलचित्र प्रदर्शनको लागि बोर्डले घुम्ती तथा खुला चलचित्र |

| | | | |
|---|---|---|---|
| | | प्रदर्शन सम्बन्धी व्यवस्था | प्रदर्शनको लागि आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ । |
| ३३. | ३४ | श्रव्य दृश्य सामग्रीको निःशुल्क प्रदर्शन गर्नु पर्ने | यस दफामा चलचित्र प्रदर्शकले कुनै चलचित्र प्रदर्शन शुरू गर्नु अगाडि वा मध्यान्तरमा सन्देशमूलक तथा शिक्षामूलक श्रव्य दृश्य सामग्री निःशुल्क प्रदर्शन गर्नु पर्ने र विपदको समयमा वा विशेष अवस्थामा कुनै श्रव्य दृश्य सामग्री प्रदर्शनीको लागि नेपाल सरकार, प्रदेश सरकार वा बोर्डले आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु चलचित्र प्रदर्शकको कर्तव्य हुने व्यवस्था गरिएको छ । |
| ३४. | ३५ | श्रेणी र टिकट दर | यस दफामा चलचित्र घरमा कायम गरिने विभिन्न श्रेणी र सोको टिकट दर सम्बन्धित निर्माता, प्रदर्शक र चलचित्र घरको समन्वयमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले निर्धारण गरे बमोजिम हुने र विदेशी चलचित्रको हकमा वितरक, प्रदर्शक र चलचित्र घरको समन्वयमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरिएको छ। |
| ३५. | ३६ | बक्स अफिस प्रणाली | यस दफामा चलचित्र घरले बक्स अफिस प्रणाली जडान गरेर चलचित्र प्रदर्शन गर्नु पर्ने, चलचित्र घरले जडान गरेको बक्स अफिस वा सफ्टवेयर प्रणालीबाट बोर्डले रियल टाइम डाटा लिने र चलचित्र घरले बोर्डबाट प्रत्येक चलचित्रको लागि अलग अलग कोड लिएर चलचित्र प्रदर्शनको लागि टिकट बुकिङ्ग वा बिक्री गर्नु, गराउनु पर्ने व्यवस्था गरिएको छ। |
| ३६. | ३७ | चलचित्रको इनकोडिङ सम्बन्धी व्यवस्था | यस दफामा चलचित्र घरमा चलचित्र प्रदर्शनको लागि बोर्डले चलचित्रको इनकोडिङ गर्ने व्यवस्था मिलाउन सक्ने व्यवस्था गरिएको छ । |
| ३७. | ३८ | चलचित्र घरमा हुनुपर्ने सेवा सुविधा र मापदण्ड | यस दफामा चलचित्र प्रदर्शन हुने नेपालभरका चलचित्र घरमा हुनुपर्ने सेवा, सुविधा र अन्य व्यवस्था सम्बन्धी मापदण्ड बोर्डले निर्धारण गरे बमोजिम हुने र मापदण्डको अधीनमा रही चलचित्र प्रदर्शन गर्ने भवन र चलचित्रको सार्वजनिक प्रदर्शनका लागि अन्य स्थानमा निर्माण हुने प्रदर्शनस्थलको मापदण्ड अलग अलग निर्धारण गर्न सकिने व्यवस्था गरिएको छ। |
| ३८. | ३९ | चलचित्र घर निर्माण गर्न इजाजतपत्र लिनु पर्ने | यस दफामा चलचित्र घर निर्माण गर्दा सम्बन्धित स्थानीय तहबाट इजाजतपत्र लिनु पर्ने र चलचित्र घर निर्माण गर्न इजाजतपत्र लिन चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहको कानून बमोजिम निवेदन दिनु पर्ने र निवेदन परेमा दफा ३८ बमोजिमको मापदण्डको अधीनमा रही स्थानीय तहले देहायका कुरालाई समेत विचार गरी इजाजतपत्र दिन सक्ने व्यवस्था गरिएको छः-<br>(क) निवेदन बमोजिम चलचित्र घर निर्माण गर्न दिँदा कुनै शिक्षालय, छात्रावास, अस्पताल, सार्वजनिक महत्त्वको स्थान, संस्था वा सरकारी कार्यालयलाई बाधा वा असुविधा पर्ने, नपर्ने, |

| | | | |
|---|---|---|---|
| | | | (ख) जनसङ्ख्याको आधारमा त्यस्तो चलचित्र घरको आवश्यकता भए, नभएको,<br>(ग) दर्शकको सुरक्षा, स्वास्थ्य र सुविधाको पर्याप्त व्यवस्था भए, नभएको,<br>(घ) चलचित्र घरको नक्सा पेश गरे, नगरेको, र<br>(ङ) अन्य प्रचलित कानून बमोजिम त्यस्तो इजाजतपत्र दिन मिल्ने अवस्था रहे, नरहेको। |
| ३९. | ४० | चलचित्र घरको जाँच गर्ने | ➢ यस दफामा चलचित्र घर वा प्रदर्शनस्थल निर्माण गर्दा दफा ३८ बमोजिमको मापदण्ड पालना भए वा नभएको सम्बन्धमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले आवश्यक जाँचबुझ वा निरीक्षण गर्न, गराउन सक्ने र जाँचबुझ वा निरीक्षण गर्दा कुनै चलचित्र घरमा दर्शकको सुरक्षा, स्वास्थ्य र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गरे, नगरेको तथा चलचित्र प्रदर्शन गर्दा प्रचलित कानूनको पालना भए, नभएको सम्बन्धमा समेत जाँचबुझ वा निरीक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ।<br>➢ यस दफामा जाँचबुझ वा निरीक्षण गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको मापदण्ड पूरा गरेको नपाइएमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले त्यस्तो मापदण्ड पूरा गर्न आदेश दिनेछ र त्यस्तो आदेशको पालन गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुने र आदेशको पालना नगरेमा वा पटक पटक मापदण्डको उल्लङ्घन गरेको पाइएमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले बोर्डसँग समन्वय गरी सो चलचित्र घरमा चलचित्र प्रदर्शन गर्न रोक लगाउन सक्ने व्यवस्था गरिएको छ। |
| ४०. | ४१ | कोष सम्बन्धी व्यवस्था | यस दफामा बोर्डको एउटा छुट्टै कोष हुने र कोषमा देहायका रकम रहने व्यवस्था गरिएको छः-<br>(क) नेपाल सरकारबाट प्राप्त रकम,<br>(ख) चलचित्र निर्माण, वितरण तथा प्रदर्शनको इजाजतपत्र, सोको नवीकरण, म्याद थप, बिक्री वा हस्तान्तरण, सिफारिस र चलचित्र जाँच दस्तुर बापत प्राप्त रकम,<br>(ग) सेवा शुल्क वा जरिबाना बापत प्राप्त रकम,<br>(घ) स्वदेशी वा विदेशी व्यक्ति वा कुनै सङ्घ संस्थाबाट प्राप्त सहयोग रकम, र<br>(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम । |
| ४१. | ४२. | लेखा र लेखा परीक्षण | यस दफामा बोर्डले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्ने, बोर्डको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकबाट हुने र मन्त्रालयले बोर्डको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी जुनसुकै बखत जाँच गर्न, गराउन सक्ने व्यवस्था गरिएको छ। |
| ४२. | ४३. | जरिबाना | ➢ यस दफामा कसैले देहाय बमोजिमका कार्य गरेमा कसूरको मात्रा हेरी मन्त्रालयले दशलाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था गरिएको छः-<br>(क) दफा २५ को उपदफा (१) बमोजिम स्वीकृति नलिई विदेशी व्यक्ति वा संस्थाले नेपालमा चलचित्र तथा वृत्तचित्रको छायाङ्कन गरेमा, |

| | | | |
|---|---|---|---|
| | | | (ख) दफा २७ को उपदफा (१) बमोजिम जाँच समितिबाट चलचित्रको जाँच नगराई सार्वजनिक रुपमा चलचित्र प्रदर्शन गरेमा, र<br>(ग) दफा ३१ को उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको आदेशको पालना नगरेमा।<br>➢ यस दफामा कसैले देहायका कार्य गरेमा कसूरको मात्रा हेरी चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले दशलाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था गरिएको छः-<br>(क) दफा ३१ को उपदफा (२) बमोजिम प्रदेश सरकारले दिएको आदेशको पालना नगरेमा, र<br>(ख) दफा ४० को उपदफा (३) बमोजिम प्रदेश सरकारले दिएको आदेशको पालना नगरेमा।<br>➢ यस दफामा कसैले देहायका कार्य गरेमा कसूरको मात्रा हेरी बोर्डले दशलाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था गरिएको छः-<br>(क) दफा १६ को उपदफा (१) बमोजिम इजाजत्रपत्र नलिई चलचित्रको निर्माण, वितरण वा प्रदर्शन गरेमा,<br>(ख) दफा १७ को उपदफा (१) बमोजिम इजाजत्रपत्र नलिई डिजिटल प्लेटफर्म मार्फत चलचित्र तथा चलचित्रजन्य सामग्री प्रदर्शन गरेमा,<br>(ग) दफा २१ को उपदफा (१) बमोजिम इजाजतपत्र नलिई चलचित्र तथा चलचित्रजन्य सामग्रीको पुनः उत्पादन तथा सोको बिक्री वितरण गरेमा,<br>(घ) दफा ३६ बमोजिम चलचित्र घरले बक्स अफिस प्रणाली जडान नगरी चलचित्र प्रदर्शन गरेमा, र<br>➢ यस दफामा जरिबानाको अतिरिक्त मन्त्रालय, चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय वा बोर्डले त्यस्तो चलचित्र प्रदर्शनमा रोक लगाउन, प्रदर्शन गर्दा प्रयोग गरिएका उपकरण जफत गर्न वा चलचित्र घर बन्द गर्न आदेश दिन सक्ने व्यवस्था गरिएको छ । |
| ४३. | ४४. | पुनरावेदन | यस दफामा यस ऐन बमोजिम भएको जरिबाना तथा आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित उच्च अदालतमा सो आदेश प्राप्त गरेको मितिले पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ४४. | ४५. | चलचित्र प्रशिक्षण केन्द्र सम्बन्धी व्यवस्था | यस दफामा बोर्डले नेपाल सरकारको स्वीकृतिमा चलचित्र सम्बन्धी विषयको अध्ययन तथा अनुसन्धानका लागि चलचित्र प्रशिक्षण केन्द्र स्थापना गर्ने र बोर्डले विद्यालय तथा विश्वविद्यालयमा चलचित्र सम्बन्धी अध्ययन,अध्यापन तथा पाठ्यक्रम निर्माणमा समन्वय र सहकार्य गर्न सक्ने र बोर्डले चलचित्र सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धानका लागि छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ । |
| ४५. | ४६. | कल्याणकारी कार्यक्रम सञ्चालन | यस दफामा बोर्डले स्वदेशी चलचित्र क्षेत्रसँग सम्बन्धित चलचित्रकर्मीको हित र कल्याणका लागि नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी कल्याणकारी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| ४६. | ४७. | चलचित्र परियोजना बीमा गर्नु पर्ने | यस दफामा सम्बन्धित चलचित्र निर्माताले बोर्डको स्वीकृतिमा चलचित्र छायाङ्कनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न चलचित्रकर्मी सहित चलचित्रको परियोजना बीमा कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । |
| ४७. | ४८. | अधिकार प्रत्यायोजन | यस दफामा बोर्डले आफूलाई प्राप्त अधिकारमध्ये न्यायिक अधिकार बाहेक केही अधिकार आवश्यकता अनुसार बोर्डको अध्यक्ष, कुनै सदस्य वा बोर्डको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ । |
| ४८. | ४९. | वार्षिक प्रतिवेदन | यस दफामा बोर्डले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामकारबाहीको विवरण, कोषको अवस्था समेतको विवरण समावेश गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । |
| ४९. | ५०. | नेपाल सरकारसँगको सम्पर्क | यस दफामा बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत सम्पर्क राख्नु पर्ने व्यवस्था गरिएको छ । |
| ५०. | ५१. | नियम बनाउने अधिकार | यस दफामा यो ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको छ। |
| ५१. | ५२. | विनियम बनाउने अधिकार | यस दफामा बोर्डले यो ऐनको अधीनमा रही कर्मचारीको सेवा, सर्त र सुविधा तथा आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउन सक्नेछ र त्यस्ता विनियम लागू गर्नु अघि मन्त्रालयबाट स्वीकृति लिनु पर्ने र विनियम बनाउँदा थप आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था गरिएको छ । |
| ५२. | ५३. | खारेजी र बचाउ | यस दफामा देहाय बमोजिमको व्यवस्था गरिएको छ:-<br>(१) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ खारेज गरिएको छ।<br>(२) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।<br>(३) यो ऐन प्रारम्भ हुँदाको बखत बोर्डमा कार्यरत कर्मचारी यो ऐन बमोजिमको बोर्डमा स्वतः समान पदमा कायम हुनेछन्।<br>(४) यो ऐन प्रारम्भ हुँदाको बखत बहाल रहेको बोर्डको अध्यक्षको पदावधि निजको नियुक्ति हुँदाका बखत तोकिएको अवधिसम्म कायम रहनेछ।<br>(५) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिमको बोर्डको सम्पत्ति, दायित्व तथा अभिलेख यस ऐन बमोजिमको बोर्डमा सर्नेछ। |

# चलचित्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना**: चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गर्न तथा स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्धन र नियमन गर्न चलचित्र सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "चलचित्र ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "चलचित्र" भन्नाले सार्वजानिक रुपमा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको सामाजिक, सांस्कृतिक, मनोरञ्जनात्मक, सिर्जनात्मक र व्यावसायिक श्रव्य, दृष्य चित्र सम्झनु पर्छ।

(ग) "चलचित्रकर्मी" भन्नाले चलचित्र क्षेत्रमा संलग्न कलात्मक, सिर्जनात्मक, बौद्धिक, प्राविधिक तथा सीपमूलक काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(घ) "चलचित्र घर" भन्नाले चलचित्र प्रदर्शन गर्ने भवन सम्झनु पर्छ र सो शब्दले चलचित्रको सार्वजनिक रुपमा प्रदर्शनका लागि अन्य स्थानमा निर्माण गरिएको प्रदर्शनस्थललाई समेत जनाउँछ।

(ङ) "चलचित्रजन्य सामग्री" भन्नाले चलचित्रको गीत, सङ्गीत, पोस्टर, मोशन पोस्टर, टिजर, ट्रेलर वा चलचित्रको कुनै अंश सम्झनु पर्छ ।

(च) "चलचित्र व्यवसायी" भन्नाले चलचित्रको निर्माण, वितरण वा प्रदर्शनको व्यवसाय गर्ने व्यक्ति सम्झनु पर्छ।

(छ) "जाँच समिति" भन्नाले दफा २८ बमोजिमको चलचित्र जाँच समिति सम्झनु पर्छ ।

(ज) "डिजिटल प्लेटफर्म" भन्नाले ओ.टि.टि. प्लेटफर्म, युट्युब, ट्वीटर वा अन्य डिजिटल प्लेटफर्म सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "पेशागत सङ्घ संस्था" भन्नाले चलचित्र निर्माण, वितरण तथा प्रदर्शनसँग सम्बन्धित पेशाकर्मीको सङ्घ संस्था सम्झनु पर्छ र सो शब्दले चलचित्रका अन्य विधागत सङ्घ संस्थालाई समेत जनाउँछ ।

(ट) "बोर्ड" भन्नाले दफा ५ बमोजिम गठन भएको नेपाल चलचित्र विकास बोर्ड सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ड) "सदस्य" भन्नाले बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## बोर्डको गठन र सञ्चालन सम्बन्धी व्यवस्था

३. **बोर्डको स्थापना:** (१) चलचित्र क्षेत्रको विकास, विस्तार, प्रर्वद्धन र नियमन गर्नको लागि नेपाल चलचित्र विकास बोर्डको स्थापना गरिनेछ ।

(२) बोर्डको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

४. **बोर्ड स्वशासित र सङ्गठित संस्था हुने:** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ ।

(२) बोर्डले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ ।

५. **बोर्डको गठन:** (१) बोर्डमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

(क) नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष

(ख) लेखन, छायाङ्कन, सम्पादन, निर्देशन, निर्माण, कलाकारिता लगायत चलचित्र क्षेत्रमा निरन्तर दश वर्ष संलग्न रही उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई जना महिला सहित पाँच जना -सदस्य

(ग) प्रतिनिधि (कम्तीमा रा.प. द्वितीय श्रेणी), मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

(३) अध्यक्ष र उपदफा (१) को खण्ड (ख) बमोजिमका मनोनयन हुने सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था भएमा अध्यक्षलाई नेपाल सरकारले र सदस्यलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराब आचरण भएमा,

(ग) कार्यसम्पादन सम्झौता बमोजिमको लक्ष्य हासिल नगरेमा,

(घ) शारीरिक वा मानसिक अवस्थाका कारण कामकारबाही गर्न असमर्थ भएमा,

(ङ) पदीय हैसियत दुरुपयोग गरी लाभ हासिल गरेमा, वा

(च) दफा ८ बमोजिमको योग्यता नभएमा ।

(५) उपदफा (४) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

६. **बोर्डको काम, कर्तव्य र अधिकारः** (१) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) नेपालको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र सामाजिक मूल्य मान्यतामा आधारित कलात्मक, सिर्जनात्मक र मौलिक पहिचान भएका चलचित्र निर्माण गर्न प्रोत्साहन तथा सहयोग गर्ने,

(ग) नेपाली कला तथा संस्कृतिको प्रवर्धनमा समर्पित चलचित्रकर्मीको हकहितको संरक्षण गर्ने,

(घ) चलचित्र क्षेत्रका लेखक, निर्देशक, प्राविधिक, कलाकार लगायत दक्ष जनशक्तिको उत्पादनलाई प्रोत्साहन गर्ने,

(ङ) चलचित्र क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महोत्सव, सभा, सम्मेलन, अन्तर्क्रिया, कार्यशाला, गोष्ठी लगायत अन्य रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

(च) राष्ट्रियस्तरमा गैर नाफामूलक चलचित्रको प्रदर्शनलाई प्रोत्साहित गर्ने, गराउने,

(छ) नेपाल सरकारको स्वीकृति लिई चलचित्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सदस्यता लिने र ती सङ्घ संस्थासँग सहकार्य गर्ने,

(ज) विभिन्न जातजाति, वर्ग, समुदाय तथा अन्य मातृभाषी चलचित्रको विकास, संरक्षण र प्रवर्धन गर्ने, गराउने,

(झ) चलचित्र क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई पुरस्कृत तथा सम्मान गर्ने,

(ञ) चलचित्र पर्यटन मार्फत नेपालको पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाउने,

(ट) चलचित्रसँग सम्बन्धित भौतिक पूर्वाधार निर्माणको कार्य गर्ने, गराउने,

(ठ) चलचित्रको विकास, प्रवर्धन तथा बजारीकरणका लागि आवश्यक नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ड) चलचित्र र चलचित्र व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन चलचित्रकर्मी तथा चलचित्र व्यवसायीले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने, गराउने,

(ढ) चलचित्रकर्मीलाई परिचयपत्र प्रदान गर्ने, र

(ण) तोकिए बमोजिमका अन्य काम गर्ने ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम बोर्डले दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्नु भन्दा पहिले मन्त्रालयको सहमति लिनु पर्नेछ।

७. **<u>बोर्डको बैठक र निर्णयः</u>** (१) बोर्डको बैठक कम्तीमा महिनाको एकपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डका एक तिहाई सदस्यले बोर्डको बैठक बोलाउन लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले सात दिनभित्र अध्यक्षले बैठक बोलाउनु पर्नेछ।

(३) बोर्डको सदस्य-सचिवले बोर्डको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयको सूची बैठक शुरु हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

तर बोर्डका सदस्यहरु बीचमा सहमति भएमा विषयसूचीमा समावेश नभएका विषयमा छलफल गर्न र त्यस्तो विषयमा निर्णय गर्न बाधा पर्ने छैन।

(४) अध्यक्ष निलम्बनमा रहेको वा अन्य कुनै कारणले पद रिक्त रहेको र दफा १३ बमोजिम कार्यवाहक अध्यक्ष नतोकिएको अवस्थामा बैठक बस्नु पर्ने भएमा उपस्थित सदस्यमध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि "ज्येष्ठ सदस्य" भन्नाले बोर्डका सदस्यमध्ये सबैभन्दा बढी उमेर भएको व्यक्ति सम्झनु पर्छ।

(५) बोर्डको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बोर्डको सञ्चालक समितिको बैठकका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) बोर्डले आवश्यकता अनुसार चलचित्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ वा सम्बन्धित मन्त्रालय, निकाय वा बोर्डका कर्मचारीलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) बोर्डको सञ्चालक समितिको निर्णय बैठकमा उपस्थित सबै सदस्यबाट प्रमाणित गराई राख्नु पर्नेछ।

(९) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>अध्यक्ष तथा सदस्यको योग्यताः</u>** अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) अध्यक्षको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र नेपाली चलचित्र क्षेत्रको विकास, संरक्षण वा प्रवर्धनमा निरन्तर रूपमा कम्तीमा पन्ध्र वर्ष कार्य गरेको,

(घ) सदस्यको हकमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको,

(ङ) पैंतिस वर्ष उमेर पूरा भएको, र

(च) दफा ९ बमोजिम अयोग्य नभएको ।

९. **<u>अध्यक्ष तथा सदस्यको अयोग्यताः</u>** देहायको कुनै व्यक्ति अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन वा पदमा बहाल रहन योग्य हुने छैनः-

(क) दफा ८ बमोजिमको योग्यता नभएको वा नरहेको,

(ख) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य रहेको,

(ग) पैंसट्ठी वर्ष उमेर पूरा भएको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, लैङ्गिक हिंसा वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको, वा

<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमतिपत्र" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकि वा नतोकि सो मुलुकमा स्थायी

रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), पर्मानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शव्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिपत्रलाई समेत जनाउँछ ।

(च) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन योग्य नभएको।

१०. **अध्यक्ष तथा सदस्यको पद रिक्त हुनेः** देहायको अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः-

(क) राजीनामा दिएमा,

(ख) दफा ५ को उपदफा (३) बमोजिम निजको पदावधि पूरा भएमा वा उपदफा (४) बमोजिम हटाइएमा,

(ग) दफा ९ बमोजिम अयोग्य भएमा, वा

(घ) मृत्यु भएमा ।

११. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) अध्यक्ष बोर्डको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने,

(ख) बोर्डको स्वीकृत वार्षिक कार्यक्रम र निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) बोर्डको आर्थिक प्रशासन सञ्चालन गर्ने, गराउने,

(घ) बोर्डको सम्पत्तिको संरक्षण, प्रवर्धन र व्यवस्थापन गर्ने, गराउने,

(ङ) चलचित्रकर्मी र चलचित्र व्यवसायी वा चलचित्र क्षेत्रमा काम गर्ने विभिन्न सङ्घ संस्था वा निकाय बीचमा समन्वय कायम गर्ने,

(च) बोर्डको उद्देश्यप्राप्तिमा उत्तरदायी भई कार्य गर्ने, गराउने, र

(छ) बोर्डले तोकेको अन्य काम गर्ने ।

(३) उपदफा (२) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षले मन्त्रालयबाट प्राप्त नीतिगत निर्देशन तथा मन्त्रालयसँग भएको कार्यसम्पादन सम्झौतामा उल्लिखित सर्तको पालना गर्नु पर्नेछ।

१२. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको योजना तथा कार्यक्रम तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने,

(ख) बोर्डले दिएको जिम्मेवारी र निर्देशन पालना गर्ने, गराउने,

(ग) बोर्डको उद्देश्यप्राप्तिको लागि उत्तरदायी भई कार्य गर्ने, गराउने, र

(घ) बोर्डले तोके बमोजिमका अन्य काम गर्ने ।

१३. **कार्यवाहक अध्यक्ष तोक्न सक्ने:** (१) अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वा अध्यक्ष निलम्बनमा परेमा त्यस्तो अवधिभरका लागि मन्त्रालयले दफा ५ को उपदफा (१) को खण्ड (ख) बमोजिमका बोर्डको कुनै सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको कार्यवाहक अध्यक्षले यस ऐन बमोजिम अध्यक्षलाई प्राप्त अधिकार प्रयोग गर्न सक्नेछ।

१४. **अध्यक्ष तथा सदस्यको सेवा, सर्त तथा सुविधा सम्बन्धी व्यवस्था:** (१) अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) सदस्यले बैठकमा उपस्थित भए वापत प्राप्त गर्ने भत्ता तथा सुविधा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमतिमा बोर्डले तोके बमोजिम हुनेछ।

१५. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) बोर्डमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिम रहने कर्मचारीको दरबन्दी मन्त्रालयको सहमतिमा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका सर्त विनियममा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-३

## चलचित्र निर्माण, वितरण र प्रदर्शनको इजाजत सम्बन्धी व्यवस्था

१६. **चलचित्र निर्माण, वितरण तथा प्रदर्शन गर्न इजाजतपत्र लिनुपर्ने:** (१) कुनै व्यक्ति वा संस्थाले चलचित्रको निर्माण, वितरण वा प्रदर्शन गर्न बोर्डबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनुपर्ने पर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त व्यक्तिको योग्यता र पालना गर्नुपर्ने सर्त, इजाजतपत्रको ढाँचा तथा दस्तुर, चलचित्र निर्माण, वितरण, प्रदर्शन तथा विदेशी चलचित्र वितरण वा प्रदर्शन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **डिजिटल प्लेटफर्म मार्फत चलचित्र प्रदर्शन गर्न इजाजतपत्र लिनुपर्नेः** (१) डिजिटल प्लेटफर्म मार्फत चलचित्र वा चलचित्रजन्य सामग्रीको प्रदर्शन गर्न चाहेमा त्यस्तो प्लेटफर्म, व्यक्ति वा निकायले बोर्डबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने प्लेटफर्म, व्यक्ति वा निकायले तोकिए बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम चलचित्र प्रदर्शन गर्दा लाग्ने इजाजतपत्र दस्तुर, रोयल्टी शुल्क तथा अन्य दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **डिजिटल हब सम्बन्धी व्यवस्थाः** (१) बोर्डले चलचित्र तथा चलचित्रजन्य सामग्रीको डिजिटल प्लेटफर्म मार्फत प्रचारप्रसार गर्न डिजिटल हबको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम डिजिटल हब सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **इजाजतपत्रको अवधि, नवीकरण र संशोधनः** (१) दफा १६ को उपदफा (१) बमोजिमको चलचित्र निर्माण गर्न दिईने इजाजतपत्रको अवधि चार वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै कारणले चलचित्र निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको आधार र कारण खुलाई बोर्ड समक्ष अवधि थपको लागि निवेदन दिन सकिनेछ र बोर्डले त्यस्तो इजाजतपत्रको अवधि एक वर्षसम्म थप गर्न सक्नेछ ।

(३) दफा १६ को उपदफा (१) बमोजिम चलचित्र वितरण र प्रदर्शन गर्न दिईने इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त इजाजतपत्र नवीकरण गर्न चाहेमा त्यस्तो इजाजतपत्रवालाले प्रतिलिपि अधिकार सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको अवधि भन्दा बढी नहुने गरी प्रत्येक पाँच वर्षमा नवीकरण गर्न सक्नेछ।

(५) उपदफा (२) र (४) बमोजिम इजाजतपत्रको नवीकरणका लागि निवेदन दिंदा इजाजतपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै दिनु पर्नेछ।

(६) इजाजतपत्रको नवीकरण र नवीकरण दस्तुर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **इजाजतपत्रको बिक्री वा हस्तान्तरणः** (१) यस ऐन बमोजिम प्राप्त इजाजतपत्र कसैलाई बिक्री वा हक हस्तान्तरण गर्न चाहेमा त्यस्तो इजाजतपत्र प्राप्त व्यक्ति र इजाजतपत्र खरिद गर्न वा हक हस्तान्तरण गरी लिन चाहने व्यक्तिले स्वीकृतिको लागि बोर्ड समक्ष तोकिए बमोजिमको ढाँचामा संयुक्त निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा बिक्री वा हक हस्तान्तरण गर्नु पर्नाको कारण र निजहरुको बीचमा इजाजतपत्रको हक हस्तान्तरणको सम्बन्धमा भएको सर्त बन्देज समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै निवेदन प्राप्त हुन आएमा खरिद गर्ने वा हक हस्तान्तरण गरी लिने व्यक्तिको प्राविधिक, आर्थिक र अन्य योग्यताको सम्बन्ध बोर्डले तोकेको मापदण्डको आधारमा छानबिन गरी तोकिएको ढाँचामा स्वीकृति दिन सक्नेछ ।

तर त्यस्तो स्वीकृति दिन उपयुक्त नदेखेमा निर्णय भएको मितिले सात दिनभित्र निवेदकलाई कारण सहितको जानकारी दिनु पर्नेछ ।

(४) इजाजतपत्रको बिक्री वा हक हस्तान्तरण गर्न स्वीकृतिको लागि तोकिए बमोजिमको दस्तुर बोर्डमा बुझाउनु पर्नेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "इजाजतपत्रको बिक्री" भन्नाले इजाजतपत्र प्राप्त व्यक्तिको एकाउन्न प्रतिशत वा सो भन्दा बढी स्वामित्व हस्तान्तरण भएको अवस्था सम्झनु पर्छ।

२१. **पुनःउत्पादनको लागि इजाजतपत्र लिनु पर्नेः** (१) चलचित्र तथा चलचित्रजन्य सामग्रीको पुनःउत्पादन तथा सोको बिक्री वितरण गर्दा बोर्डबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्रको अवधि, नवीकरण, बिक्री वा हस्तान्तरण र इजाजतपत्र दस्तुर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **इजाजतपत्र खारेज गर्न सकिनेः** (१) यस ऐन बमोजिम प्रदान गरिएको इजाजतपत्र देहायको अवस्थामा बोर्डले खारेज गर्न सक्नेछः-

(क) इजाजतपत्र प्राप्त व्यक्तिले खारेज गर्नु पर्नाको उचित कारण सहित निवेदन दिएमा,

(ख) दफा ४३ बमोजिमको जरिबाना तीन वा सोभन्दा बढी पटक भएमा,

(ग) इजाजतपत्र प्राप्त व्यक्ति वा संस्था प्रचलित कानून बमोजिम दामासाहीमा परेमा वा विघटन भएमा, वा

(ग) दफा २३ बमोजिम बोर्डले दिएको आदेशको पालना नगरेमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बोर्डले इजाजतपत्र खारेज गर्ने गरी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा उजूरी दिन सक्नेछ।

२३. **बोर्डले आदेश दिन सक्नेः** (१) इजाजतपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पूरा गर्नु पर्ने दायित्व पूरा नगरेमा वा इजाजतपत्रमा उल्लिखित सर्त विपरीत कुनै

काम गरेमा बोर्डले त्यस्तो दायित्व पूरा गर्न वा सर्त पालन गर्न निश्चित अवधि तोकी त्यस्तो इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई उपयुक्त आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालन गर्नु त्यस्तो इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

२४. **चलचित्रको पुनः प्रयोग सम्बन्धी व्यवस्थाः** (१) बोर्डको स्वामित्वमा रहेका र ऐतिहासिक तथा सांस्कृतिक रुपमा महत्वपूर्ण देखिएका चलचित्रका पुराना रिललाई बोर्डले आधुनिकीकरण गरी पुनः प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पुनः प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **विदेशी चलचित्रको छायाङ्कन गर्न स्वीकृति लिनु पर्नेः** (१) कुनै विदेशी व्यक्ति वा संस्थाले नेपालमा विदेशी चलचित्र तथा वृत्तचित्रको छायाङ्कन गर्न चाहेमा त्यस्तो छायाङ्कनको लागि मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति लिन चाहने विदेशी व्यक्ति वा संस्थाले मन्त्रालय समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी मन्त्रालयले छायाङ्कनको स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्ने प्रयोजनको लागि मन्त्रालयले आवश्यकता अनुसार तोकिए बमोजिम सिफारिस समिति गठन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिमको निवेदन प्रचलित कानून बमोजिम दर्ता भएका चलचित्र निर्माण संस्था वा कम्पनी मार्फत दिन सकिनेछ ।

(६) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त विदेशी चलचित्र तथा वृत्तचित्रको छायाङ्कन गर्दा तोकिए बमोजिम नेपाली प्राविधिक लगायत अन्य जनशक्ति संलग्न गराउनु पर्नेछ।

(७) उपदफा (२) बमोजिमको स्वीकृतिको लागि दिनुपर्ने निवेदनको ढाँचा, पालना गर्नु पर्ने सर्त, तिर्नुपर्ने दस्तुर लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **सम्पर्क अधिकृत सम्बन्धी व्यवस्थाः** (१) नेपालमा विदेशी चलचित्र तथा वृत्तचित्रको छायाङ्कनका लागि मन्त्रालयले आवश्यकता अनुसार बोर्डका पदाधिकारी वा मन्त्रालयका कर्मचारी वा चलचित्रसँग सम्बन्धित संस्थाका प्रतिनिधिलाई सम्पर्क अधिकृतको रूपमा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएका सम्पर्क अधिकृतको काम, कर्तव्य, अधिकार तथा सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद-४**

## चलचित्र जाँच तथा प्रदर्शन सम्बन्धी व्यवस्था

२७. **चलचित्र जाँच गराउनु पर्नेः** (१) चलचित्र निर्माण, वितरण वा प्रदर्शनको इजाजतपत्र प्राप्त कुनै व्यक्तिले नेपालभित्र सार्वजनिक रुपमा चलचित्र प्रदर्शन गर्नु अगावै जाँच समितिबाट चलचित्रको जाँच गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम चलचित्र जाँच गराउनको लागि जाँच समिति समक्ष देहाय बमोजिमका कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) बोर्डको सिफारिस पत्र,

(ख) स्पष्ट र बुझिने कथावस्तु लेखन (स्क्रिप्ट), विदेशी चलचित्रको हकमा नेपाली वा अङ्ग्रेजीमध्ये कुनै एक भाषामा अनुवाद गरिएको कथा संवाद सहितको स्क्रिप्ट/पटकथा,

(ग) चलचित्रको पोष्टर वा शो कार्ड,

(घ) स्वदेशी चलचित्रको हकमा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्र, कम्पनी अद्यावधिक पत्र, कम्पनी वा संस्थाको पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र, चलचित्र निर्माण इजाजतपत्रको प्रतिलिपि, निर्माताबाट प्राप्त गरेको आधिकारिक पत्रको प्रतिलिपि र एकथान डिजिटल कपी, र

(ङ) विदेशी चलचित्रको हकमा चलचित्र वितरण इजाजतपत्रको प्रतिलिपि, भन्सार दस्तुर बुझाएको प्रमाणित कागजात र सम्बन्धित मुलुकको अधिकार प्राप्त निकाय वा अधिकारीले चलचित्र जाँच गरी जारी गरेको प्रमाणपत्रको प्रतिलिपि।

(३) बोर्डले उपलव्ध गराउने सिफारिस दस्तुर र चलचित्र जाँच गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

२८. **चलचित्र जाँच समितिको गठनः** (१) स्वदेशी वा विदेशी चलचित्र प्रदर्शन गर्नु अघि त्यस्तो चलचित्र प्रदर्शन गर्न अनुमति दिन उपयुक्त भए, नभएको सम्बन्धमा जाँच गर्नको लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको एक जाँच समिति रहनेछः-

(क) मन्त्रालयले तोकेको सहसचिव -अध्यक्ष

(ख) प्रतिनिधि (रा.प. द्वितीय श्रेणी), नेपाल सरकारको गृह मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि (रा.प. द्वितीय श्रेणी), नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(घ) कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र नेपाली चलचित्र क्षेत्रमा कम्तीमा दश वर्ष कार्य गरी विशेष ज्ञान तथा अनुभव प्राप्त व्यक्तिमध्येबाट

समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित दुईजना -सदस्य

(ङ) बोर्डको प्रतिनिधि -सदस्य

(च) प्रतिनिधि (रा.प. द्वितीय श्रेणी), मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित जाँच समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जाँच समितिको अध्यक्ष वा निजले तोकेको कुनै सदस्यबाट विज्ञापन सम्बन्धी चलचित्रको जाँच हुनेछ ।

(५) जाँच समितिले चलचित्रको जाँच गर्दा आवश्यकता अनुसार सम्बन्धित भाषा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) नेपाल सरकारले जाँच समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सो समितिको कर्तव्य हुनेछ ।

(७) जाँच समितिका अध्यक्ष, सदस्य तथा समितिमा आमन्त्रित सदस्यले चलचित्र जाँच गरे बापत तोकिए बमोजिमको सुविधा तथा भत्ता पाउनेछन्।

(८) उपदफा (१) बमोजिम गठित जाँच समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२९. **<u>टेली चलचित्रको जाँच गराउन सक्ने</u>**: (१) जाँच समितिले सर्त तथा मापदण्ड तोकी टेली चलचित्र प्रदर्शन गर्ने सम्बन्धित टेलिभिजन प्रसारण संस्थाबाट टेली चलचित्रको जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँच भएको टेली चलचित्रको विवरण त्यस्तो टेलिभिजन प्रसारण संस्थाले जाँच समितिमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको जाँच सम्वन्धी निर्णयमा चित्त नबुझ्ने पक्षले जाँच समितिमा निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन उपर छानबिन गर्दा निवेदन ब्यहोरा मनासिब देखिएमा जाँच समितिले त्यस्तो जाँच गर्ने टेलिभिजन प्रसारण संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

३०. **जाँच समितिको काम, कर्तव्य र अधिकार :** (१) जाँच समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समाजमा वर्गीय, क्षेत्रीय, प्रादेशिक, धार्मिक, भाषिक, सांस्कृतिक, जातीय वा लैङ्गिक आधारमा भेदभाव गर्ने वा हिंसा फैलाउने वा अवहेलना वा दुर्व्यवहार जनाउने दृश्य नभएको पाइएमा चलचित्रको कथा, संवाद र दृश्यका आधारमा चलचित्र काँटछाँट नगरी तोकिएको मापदण्ड अनुरूप कुनै सर्त नतोकी सो चलचित्र सार्वजनिक प्रदर्शन गर्न अनुमति दिने,

(ख) चलचित्रमा कुनै काँटछाँट वा हेरफेर गरी वा अन्य कुनै सर्त बन्देजको पालना गरी मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने गरी अनुमति दिने, वा

(ग) तोकिए बमोजिमका मापदण्डका आधारमा निश्चित उमेर समूहका व्यक्तिलाई मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने सर्त तोकी अनुमति दिने ।

(२) उपदफा (१) बमोजिम चलचित्र जाँच गरी चलचित्र प्रदर्शन गर्न अनुमति दिने गरी निर्णय भएमा सोको प्रमाणपत्र इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रमाणपत्रको ढाँचा तथा प्रमाणपत्र दिँदा चलचित्र जाँच समितिले अपनाउनु पर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जाँच समितिले कुनै चलचित्र वा त्यसको कुनै भाग नेपालको शान्ति, सुरक्षा, सुव्यवस्था तथा मित्र राष्ट्रसँगको वा विभिन्न वर्ग वा जातिका बिचको सुसम्बन्धमा खलल पर्ने वा सार्वजनिक हित, सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने वा कुनै व्यक्ति विशेषको मानहानी वा अदालतको अवहेलना हुने वा लैङ्गिक हिंसालाई बढावा दिने वा कुनै अपराध गर्न दुरुत्साहन दिने किसिमको देखिएमा त्यस्तो चलचित्रलाई प्रदर्शन गर्न अनुमति दिइने छैन।

(५) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरी प्रदर्शन गरेको भए तापनि प्रदर्शनको क्रममा उपदफा (४) को अवस्था विद्यमान रहेको भएमा जाँच समितिले त्यस्तो चलचित्र प्रदर्शनलाई जुनसुकै बखत रोक्न वा आवश्यकता अनुसार काँटछाँट गरी प्रदर्शन गर्न अनुमति दिन सक्नेछ।

(६) जाँच समितिबाट चलचित्र जाँच गरी प्रदर्शनको अनुमति दिँदा तोकिएका सर्तको पालना गरे, नगरेको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम मन्त्रालयले अनुगमन गर्दा तोकिएका सर्त पालना नगरेको पाइएमा सो चलचित्रको प्रदर्शन तुरुन्त बन्द गराउनु पर्नेछ ।

(८) यस दफा बमोजिम जाँच समितिले गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले स्पष्टीकरण सहित निर्णय पुनरावलोकनका लागि सो निर्णय भएको मितिले पैंतिस दिनभित्र मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ र मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(९) जाँच समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३१. **<u>चलचित्र प्रदर्शनमा रोक लगाउन सक्नेः</u>** (१) नेपाल सरकारले चलचित्रको प्रदर्शनबाट सुरक्षा र व्यवस्थामा प्रतिकूल असर पर्ने, सार्वजनिक शान्ति भङ्ग हुने, समाजमा वर्गीय, क्षेत्रीय, प्रादेशिक, धार्मिक, भाषिक, सांस्कृतिक, जातीय आधारमा भेदभावको सिर्जना हुने वा लैङ्गिक हिंसा वा दुर्व्यवहारलाई बढवा दिन सक्ने देखिएमा त्यस्तो चलचित्र प्रदर्शनमा रोक लगाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) मा उल्लिखित अवस्था आफ्नो प्रदेशभित्र हुने देखिएमा सम्बन्धित प्रदेश सरकारले त्यस्तो चलचित्र प्रदर्शनमा रोक लगाउन आदेश दिन सक्नेछ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले चलचित्र प्रदर्शनमा रोक लगाउने आदेश जारी गरिसकेको अवस्थामा प्रदेश सरकारले उपदफा (२) बमोजिम छुट्टै आदेश जारी गर्ने छैन।

३२. **<u>स्वदेशी चलचित्र प्रदर्शनलाई प्राथमिकता दिनु पर्नेः</u>** (१) प्रत्येक चलचित्र घरले चलचित्र प्रदर्शन गर्दा स्वदेशी चलचित्र प्रदर्शनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रथमिकता दिँदा चलचित्र घरले तोकिए बमोजिमको दिन स्वदेशी चलचित्र मात्र प्रदर्शन गर्नु पर्नेछ ।

(३) स्वदेशी चलचित्र मात्र प्रदर्शन गर्ने इजाजतपत्र लिई नयाँ निर्माण हुने तथा सञ्चालनमा रहेका चलचित्र घरलाई बोर्ड आफैंले वा बोर्डको सिफारिसमा नेपाल सरकार वा प्रदेश सरकारले आर्थिक वा प्राविधिक सहयोग वा विशेष सहुलियत दिन सक्नेछ।

(४) चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **<u>घुम्ती तथा खुला चलचित्र प्रदर्शन सम्बन्धी व्यवस्थाः</u>** (१) चलचित्र घर नभएको क्षेत्रमा बसोबास गर्ने समुदायसँग सम्बन्धित मातृभाषी चलचित्र तथा अन्य स्वदेशी चलचित्र प्रदर्शनको लागि बोर्डले घुम्ती तथा खुला चलचित्र प्रदर्शनको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घुम्ती तथा खुला चलचित्र प्रदर्शन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **<u>श्रव्य दृश्य सामग्रीको निःशुल्क प्रदर्शन गर्नु पर्नेः</u>** (१) चलचित्र प्रदर्शकले कुनै चलचित्र प्रदर्शन शुरू गर्नु अगाडि वा मध्यान्तरमा सन्देशमूलक तथा शिक्षामूलक श्रव्य दृश्य सामग्री निःशुल्क प्रदर्शन गर्नु पर्नेछ।

(२) विपदको समयमा वा विशेष अवस्थामा कुनै श्रव्य दृश्य सामग्री प्रदर्शनीको लागि नेपाल सरकार, प्रदेश सरकार वा बोर्डले आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु चलचित्र प्रदर्शकको कर्तव्य हुनेछ ।

३५. **श्रेणी र टिकट दर:** (१) चलचित्र घरमा कायम गरिने विभिन्न श्रेणी र सोको टिकट दर सम्बन्धित निर्माता, प्रदर्शक र चलचित्र घरको समन्वयमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) विदेशी चलचित्रको हकमा वितरक, प्रदर्शक र चलचित्र घरको समन्वयमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

३६. **बक्स अफिस प्रणाली:** (१) चलचित्र घरले बक्स अफिस प्रणाली जडान गरेर चलचित्र प्रदर्शन गर्नु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "बक्स अफिस प्रणाली" भन्नाले चलचित्र घरले बोर्डको सफ्टवेयर वा सर्भरमा अन्तरआवद्धता भएको विद्युतीय माध्यमबाट टिकट जारी गरी सोको कारोबार वास्तविक समय (रियल टाइम) मा केन्द्रीय चलचित्र व्यवस्थापन प्रणालीमा प्राप्त हुने कार्य सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम चलचित्र घरले जडान गरेको बक्स अफिस वा सफ्टवेयर प्रणालीबाट बोर्डले रियल टाइम डाटा लिनेछ ।

(३) चलचित्र घरले बोर्डबाट प्रत्येक चलचित्रको लागि अलग अलग कोड लिएर चलचित्र प्रदर्शनको लागि टिकट बुकिङ्ग वा बिक्री गर्नु, गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कोड लिनका लागि चलचित्र जाँच भई अनुमति प्राप्त गरेको हुनु पर्नेछ।

३७. **चलचित्रको इनकोडिङ सम्बन्धी व्यवस्था:** (१) चलचित्र घरमा चलचित्र प्रदर्शनको लागि बोर्डले चलचित्रको इनकोडिङ गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको चलचित्र इनकोडिङ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## चलचित्र घर निर्माण सम्बन्धी मापदण्ड तथा प्रदर्शन सम्बन्धी व्यवस्था

३८. **चलचित्र घरमा हुनुपर्ने सेवा सुविधा र मापदण्ड:** (१) चलचित्र प्रदर्शन हुने नेपालभरका चलचित्र घरमा हुनुपर्ने सेवा, सुविधा र अन्य व्यवस्था सम्बन्धी मापदण्ड बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही चलचित्र प्रदर्शन गर्ने भवन र चलचित्रको सार्वजनिक प्रदर्शनका लागि अन्य स्थानमा निर्माण हुने प्रदर्शनस्थलको मापदण्ड अलग अलग निर्धारण गर्न सकिनेछ।

(३) दफा ३९ बमोजिम चलचित्र घर निर्माणको इजाजतपत्र लिने व्यक्तिले यस दफा बमोजिमको मापदण्ड पालना गर्नु पर्नेछ ।

३९. **<u>चलचित्र घर निर्माण गर्न इजाजतपत्र लिनु पर्नेः</u>** (१) चलचित्र घर निर्माण गर्दा सम्बन्धित स्थानीय तहबाट इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको चलचित्र घर निर्माण गर्न इजाजतपत्र लिन चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहको कानून बमोजिम निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन परेमा दफा ३८ बमोजिमको मापदण्डको अधीनमा रही स्थानीय तहले देहायका कुरालाई समेत विचार गरी इजाजतपत्र दिन सक्नेछः-

(क) निवेदन बमोजिम चलचित्र घर निर्माण गर्न दिंदा कुनै शिक्षालय, छात्रावास, अस्पताल, सार्वजनिक महत्त्वको स्थान, संस्था वा सरकारी कार्यालयलाई बाधा वा असुविधा पर्ने, नपर्ने,

(ख) जनसङ्ख्याको आधारमा त्यस्तो चलचित्र घरको आवश्यकता भए, नभएको,

(ग) दर्शकको सुरक्षा, स्वास्थ्य र सुविधाको पर्याप्त व्यवस्था भए, नभएको,

(घ) चलचित्र घरको नक्सा पेश गरे, नगरेको, र

(ङ) अन्य प्रचलित कानून बमोजिम त्यस्तो इजाजतपत्र दिन मिल्ने अवस्था रहे, नरहेको।

(४) उपदफा (३) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले चलचित्र घर निर्माण गर्दा सम्बन्धित स्थानीय तहबाट नक्सा स्वीकृति लिनु पर्नेछ ।

(५) यस दफा बमोजिम स्थानीय तहले चलचित्र घर निर्माणको इजाजतपत्र दिएमा सोको जानकारी यथाशीघ्र बोर्डलाई गराउनु पर्नेछ।

(६) यस दफा बमोजिम चलचित्र घर निर्माणको इजाजतपत्र प्राप्त गर्नको लागि दिने निवेदनको ढाँचा, इजाजतपत्रको ढाँचा र इजाजतपत्र प्राप्त व्यक्तिले पालन गर्नु पर्ने सर्त र तिर्नु पर्ने दस्तुर सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

४०. **<u>चलचित्र घरको जाँच गर्नेः</u>** (१) चलचित्र घर वा प्रदर्शनस्थल निर्माण गर्दा दफा ३८ बमोजिमको मापदण्ड पालना भए वा नभएको सम्बन्धमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले आवश्यक जाँचबुझ वा निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ वा निरीक्षण गर्दा कुनै चलचित्र घरमा दर्शकको सुरक्षा, स्वास्थ्य र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गरे, नगरेको तथा चलचित्र

प्रदर्शन गर्दा प्रचलित कानूनको पालना भए, नभएको सम्बन्धमा समेत जाँचबुझ वा निरीक्षण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ वा निरीक्षण गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको मापदण्ड पूरा गरेको नपाइएमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले त्यस्तो मापदण्ड पूरा गर्न आदेश दिनेछ र त्यस्तो आदेशको पालन गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिमको आदेशको पालना नगरेमा वा पटक पटक मापदण्डको उल्लङ्घन गरेको पाइएमा चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले बोर्डसँग समन्वय गरी सो चलचित्र घरमा चलचित्र प्रदर्शन गर्न रोक लगाउन सक्नेछ।

## परिच्छेद-६

## कोष, लेखा तथा लेखा परीक्षण

४१. **कोष सम्बन्धी व्यवस्था:** (१) बोर्डको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) चलचित्र निर्माण, वितरण तथा प्रदर्शनको इजाजतपत्र, सोको नवीकरण, म्याद थप, बिक्री वा हस्तान्तरण, सिफारिस र चलचित्र जाँच दस्तुर बापत प्राप्त रकम,

(ग) सेवा शुल्क वा जरिबाना बापत प्राप्त रकम,

(घ) स्वदेशी वा विदेशी व्यक्ति वा कुनै सङ्घ संस्थाबाट प्राप्त सहयोग रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम विदेशी व्यक्ति वा संस्थाबाट सहयोग रकम लिनु अघि नेपाल सरकारको अर्थ मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा प्राप्त रकम प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त “क” वर्गको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको कोषबाट बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च ब्यहोरिनेछ।

(६) उपदफा (५) बमोजिम रकम खर्च गर्दा प्रत्येक आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम र बजेटको अधीनमा रही खर्च गर्नु पर्नेछ।

(७) बोर्डको कोष र कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **<u>लेखा र लेखा परीक्षणः</u>** (१) बोर्डले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) बोर्डको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

(३) मन्त्रालयले बोर्डको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी जुनसुकै बखत जाँच गर्न, गराउन सक्नेछ।

## परिच्छेद-७

## <u>विविध</u>

४३. **<u>जरिबानाः</u>** (१) कसैले देहाय बमोजिमका कार्य गरेमा कसूरको मात्रा हेरी मन्त्रालयले दशलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछः-

(क) दफा २५ को उपदफा (१) बमोजिम स्वीकृति नलिई विदेशी व्यक्ति वा संस्थाले नेपालमा चलचित्र तथा वृत्तचित्रको छायाङ्कन गरेमा,

(ख) दफा २७ को उपदफा (१) बमोजिम जाँच समितिबाट चलचित्रको जाँच नगराई सार्वजनिक रुपमा चलचित्र प्रदर्शन गरेमा, र

(ग) दफा ३१ को उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको आदेशको पालना नगरेमा।

(२) कसैले देहायका कार्य गरेमा कसूरको मात्रा हेरी चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयले दशलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछः-

(क) दफा ३१ को उपदफा (२) बमोजिम प्रदेश सरकारले दिएको आदेशको पालना नगरेमा, र

(ख) दफा ४० को उपदफा (३) बमोजिम प्रदेश सरकारले दिएको आदेशको पालना नगरेमा।

(३) कसैले देहायका कार्य गरेमा कसूरको मात्रा हेरी बोर्डले दशलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछः-

(क) दफा १६ को उपदफा (१) बमोजिम इजाजत्रपत्र नलिई चलचित्रको निर्माण, वितरण वा प्रदर्शन गरेमा,

(ख) दफा १७ को उपदफा (१) बमोजिम इजाजत्रपत्र नलिई डिजिटल प्लेटफर्म मार्फत चलचित्र तथा चलचित्रजन्य सामग्री प्रदर्शन गरेमा,

(ग) दफा २१ को उपदफा (१) बमोजिम इजाजतपत्र नलिई चलचित्र तथा चलचित्रजन्य सामग्रीको पुनः उत्पादन तथा सोको बिक्री वितरण गरेमा,

(घ) दफा ३६ बमोजिम चलचित्र घरले बक्स अफिस प्रणाली जडान नगरी चलचित्र प्रदर्शन गरेमा, र

(४) उपदफा (१), (२) वा (३) मा उल्लिखित जरिबानाको अतिरिक्त मन्त्रालय, चलचित्र सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय वा बोर्डले त्यस्तो चलचित्र प्रदर्शनमा रोक लगाउन, प्रदर्शन गर्दा प्रयोग गरिएका उपकरण जफत गर्न वा चलचित्र घर बन्द गर्न आदेश दिन सक्नेछ ।

(५) उपदफा (१), (२), (३) वा (४) बमोजिम जरिबाना गर्नु वा आदेश दिनु अघि सम्बन्धित पक्षलाई सुनुवाईको मौका दिनु पर्नेछ।

४४. **<u>पुनरावेदनः</u>** यस ऐन बमोजिम भएको जरिबाना तथा आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित उच्च अदालतमा सो आदेश प्राप्त गरेको मितिले पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

४५. **<u>चलचित्र प्रशिक्षण केन्द्र सम्बन्धी व्यवस्थाः</u>** (१) बोर्डले नेपाल सरकारको स्वीकृतिमा चलचित्र सम्बन्धी विषयको अध्ययन तथा अनुसन्धानका लागि चलचित्र प्रशिक्षण केन्द्र स्थापना गर्नेछ ।

(२) बोर्डले विद्यालय तथा विश्वविद्यालयमा चलचित्र सम्बन्धी अध्ययन,अध्यापन तथा पाठ्यक्रम निर्माणमा समन्वय र सहकार्य गर्न सक्नेछ ।

(३) बोर्डले चलचित्र सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धानका लागि छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम स्थापना भएको प्रशिक्षण केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **<u>कल्याणकारी कार्यक्रम सञ्चालनः</u>** (१) बोर्डले स्वदेशी चलचित्र क्षेत्रसँग सम्बन्धित चलचित्रकर्मीको हित र कल्याणका लागि नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी कल्याणकारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको सञ्चालनको लागि बोर्डले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

४७. **<u>चलचित्र परियोजना बीमा गर्नु पर्नेः</u>** (१) सम्बन्धित चलचित्र निर्माताले बोर्डको स्वीकृतिमा चलचित्र छायाङ्कनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न चलचित्रकर्मी सहित चलचित्रको परियोजना बीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बीमा कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. **अधिकार प्रत्यायोजनः** (१) बोर्डले आफुलाई प्राप्त अधिकारमध्ये न्यायिक अधिकार बाहेक केही अधिकार आवश्यकता अनुसार बोर्डको अध्यक्ष, कुनै सदस्य वा बोर्डको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर दफा ४३ बमोजिमको जरिबाना गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन।

(२) बोर्डको अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार बोर्डको कुनै सदस्य वा बोर्डको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४९. **वार्षिक प्रतिवेदनः** (१) बोर्डले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामकारबाहीको विवरण, कोषको अवस्था समेतको विवरण समावेश गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले नेपाल सरकार समक्ष पेश गर्नेछ ।

५०. **नेपाल सरकारसँगको सम्पर्कः** बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत सम्पर्क राख्नु पर्नेछ ।

५१. **नियम बनाउने अधिकारः** यो ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

५२. **विनियम बनाउने अधिकारः** (१) बोर्डले यो ऐनको अधीनमा रही कर्मचारीको सेवा, सर्त र सुविधा तथा आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउन सक्नेछ र त्यस्ता विनियम लागू गर्नु अघि मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा थप आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

५३. **खारेजी र बचाउः** (१) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ खारेज गरिएको छ।

(२) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुंदाको बखत बोर्डमा कार्यरत कर्मचारी यो ऐन बमोजिमको बोर्डमा स्वतः समान पदमा कायम हुनेछन्।

(४) यो ऐन प्रारम्भ हुँदाको बखत बहाल रहेको बोर्डको अध्यक्षको पदावधि निजको नियुक्ति हुँदाका बखत तोकिएको अवधिसम्म कायम रहनेछ।

(५) चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिमको बोर्डको सम्पत्ति, दायित्व तथा अभिलेख यस ऐन बमोजिमको बोर्डमा सर्नेछ।